जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal Weekly साप्ताहिक

वर्ष ६ अंक २२, २०७४ साल भदौ २३ गते शुक्रबार, नेपाल संवत् ११३७ (Sept. 9, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## मधेसमै थला पर्दै राजपा

काठमाडौं । आगामी असोज २ गते हुने प्रदेश २ को स्थानीय तह निर्वाचनमा राष्ट्रिय जनता पार्टीलाई आफ्नो अस्तित्व जोगाउन मुस्किल पर्ने भएको छ । चुनावी माहोल एमाले र कांग्रेसका पक्षमा तात्दै गएपछि राजपाका नेताहरु हतोत्साहित देखिन थालेका छन् । राजपाभित्रको चरम गुटबन्दी र अन्तर्घातले पनि राजपालाई थला बसाउने देखिएको छ । टिकट नपाएर राजपा छोड्नेहरुको लाइन त्यत्तिकै बढ्दैछ बाँकी ८ पेजमा


## टिकट बुकिङ खुलेन

काठमाडौं । दसैं नजिकिँदै गर्दा यात्रुहरुलाई सधैं घर जान बस तथा प्लेनको टिकट लिन मारामार हुने गर्छ । व्यवसायीहरुले यही मौका छोपी भाडा बढाउने समेत गरेका छन् । सरकारले हिजोदेखि दशैंको अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरे पनि व्यवसायीहरुले टेरेनन् ।

यातायात व्यवसायीले विभिन्न माग राख्दै टिकट बुकिङ नखोल्न दबाब दिएपछि टिकट वितरण अवरुद्ध बनेको हो । यातायात व्यवस्था विभागले १६ भदौमा सरोकारवालाको बैठक गरेर दशैंका लागि अग्रिम टिकट बुकिङ २२ गतेबाट खोल्ने निर्णय गरेको थियो । त्यतिबेला यो निर्णयलाई आलोचनात्मक समर्थन जनाएका बाँकी ८ पेजमा

# वैधानिक संकट आए दलहरू नै जिम्मेवार

काठमाडौं । सार्वभौम संविधानसभाले २०७२ असोज ३ गते जारी गरेको नेपालको संविधान अहिले कार्यान्वयनमा तहमा छ । स्थानीय तहको प्रथम र दोस्रो चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न भई जनप्रतिनिधिहरुले आफ्नो कार्यभार सम्हालिरहेका छन् । तर उनीहरुले जनतालाई परिवर्तन र विकासको आभाष भने दिन सकेका छैनन् । सिंहदरबारको अधिकार गाउँसम्म पुऱ्याउने अभिप्रायका साथ सुरु गरिएको संघीय संरचनात्मक व्यवस्था नेपालमा सफल वा असफल के हुने हो राजनीतिका कुनै पनि पण्डितहरुले बताउन सकिरहेका छैनन् । प्रदेश नं. २ मा असोज २ गते तेस्रो चरणको निर्वाचन गर्ने तयारी अन्तिम अवस्थामा पुगेको छ । उम्मेदवारहरुले निर्वाचन चिन्ह लिएर चुनावी माहोललाई झनै तताइरहेका छन् । सरकारले मंसिर १० गते संघीय संसद र प्रदेशसभको चुनाव एकै दिन गर्ने मिति तय गरे पनि निर्वाचन आयोगले चुनावी जटिलता देखाउँदै १० गते प्रदेशसभा र २१ गते प्रतिनिधिसभाको चुनाव गराउने तयारी गरेको छ । माघ ७ गतेभित्र तीनवटै तह स्थानीय, प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन गर्न नयाँ संविधानले निर्देश गरेको छ । तीनवटै तहको निर्वाचन सम्पन्न भएमा संविधानको पूर्ण कार्यान्वयन हुनेछ ।



तर प्रतिनिधिसभाको निर्वाचन मिति घोषणा भएको एक महिनाअगावै अहिलेको रुपान्तरित संसदको आयु समाप्त हुने संविधानले व्यवस्था गरेकाले देशमा संवैधानिक संकटको अवस्था देखिँदैछ । प्रतिनिधिसभा नरहेपछि त्यसले निर्वाचित गरेको कार्यकारी प्रमुख पनि स्वतः अवैध हुने कानुनविदहरुले भन्न थालेका छन् । त्यस्तो अवस्थामा दलहरु आपसमा मिल्नुको विकल्प रहँदैन । तर दलहरुबीच चुनावी तिक्तता कायमै छ । मूलधारको दल को बन्ने भन्ने ठूला दलहरुबीच प्रतिस्पर्धा देखिएको छ । पहिलो र दोस्रो चरणको स्थानीय निर्वाचनमा ‘डोजर दल’ बनेको एमालेलाई तेस्रो चरणको प्रदेश २ को स्थानीय निर्वाचनमा बाहुन्ने बनाउन कांग्रेस र माओवादी केन्द्र लागिपरेका छन् । आफूलाई मधेसको मसिहा ठान्ने राष्ट्रिय जनता पार्टीले पनि एमालेलाई ज्यानी दुश्मनकै रुपमा लिएको छ । एमालेलाई पछार्न कांग्रेस र माओवादी केन्द्रले कतिपय स्थानीय तहमा चुनावी तालमेल समेत गरेका छन् । प्रदेश २ लाई प्रायःले मधेस प्रदेशको रुपमा अर्थ्याएका छन् । यो प्रदेशमा पनि आफूले बाजी मार्ने दाबी एमालेले गरिरहेको छ । निर्वाचनको अन्तिम समयतिर कांग्रेस, माओवादी केन्द्र र राजपा संयुक्त रुपमा एमालेलाई हराउन चनुावी कार्यगत एकता गर्नेमा कुनै शंका छैन । आफूविरुद्ध गठबन्धन बने पनि एमाले भने हतोत्साहित भएको देखिँदैन । एमाले एक्लै प्रदेश २ मा ‘डिस्टिङसन’ ल्याउने रणनीतिमा रहेको छ । यदि प्रदेश २ मा पनि एमाले नै पहिलो पार्टी बन्यो भने त्यसको असर प्रदेश र प्रतिनिधिसभाको चुनावमा पर्ने निश्चित छ । एमालेको हातमा राज्यसत्ताको बाग्डोर पर्ने सम्भावनालाई कसैले पनि नजरअन्दाज गर्न सक्दैन । सायद यही भएर एमालेप्रति असहयोगी र असहिष्णु बनेको भारतीय मोदी प्रशासन अहिले नेपाल नीतिमा ‘युटर्न’ गर्न खोजिरहेको कूटनीतिक विश्लेषकहरुको ठम्याई छ । प्रधानमन्त्री देउवाको दिल्ली भ्रमणमा भारतीय प्रम मोदीले नेपालको स्थानीय निर्वाचनप्रति सकारात्मक धारणा अभिव्यक्त गर्नुलाई यही अर्थमा लिन सकिन्छ । यद्यपि मोदी प्रशासनले नेपालको संविधानको भने खुलेर स्वागत र समर्थन गरेको छैन । यही भएर देउवाले फेरि पनि संविधान संशोधनको पहल गर्ने वचन मोदीलाई दिएको हुनुपर्छ ।

प्रतिनिधिसभाको निर्वाचन मिति तोकिएको एक महिनाअगावै हालको प्रतिनिधिसभाको अस्तित्व समाप्त हुने भएपछि त्यसको विकल्प दिन दलहरु एक भएनन् भने देशमा कुनै पनि प्रकारको अतिवाद हावी हुन पनि सक्छ । कतिपयले यस्तो अवस्थामा सेना अघि सार्नुपर्ने धारणा पनि बनाएका छन् । यसबारे सेनाले अहिल्यै कुनै प्रतिक्रिया दिने कुरा पनि आएन । स्रोतले सधैं आफू संविधान मुताविक चल्ने बताउँदै आएको छ । तर यही बेला पाँच खालमा नेपाल र भारतको संयुक्त सैन्य अभ्यास चलिरहेको छ । नेपाली सेनाले यसलाई नियमित अभ्यास बताए पनि धेरैले यसलाई अस्वाभाविक रुपमा लिएका छन् । नेपाल र भारतबीचको सैन्य अभ्यासले चीनलाई समेत सशंकित बनाएको छ । तर यसबारे चीनले कुनै प्रतिक्रिया जनाएको छैन । यसअघि नेपाल र चीनबीच संयुक्त सैन्य अभ्यास हुँदा नेपालमा चिनियाँ प्रभाव बढेको विश्लेषण भारतीय रणनीतिकारहरुले सार्वजनिक गरेका थिए । चीन र भारतबीचको दोक्लाम विवाद हाललाई मत्थर भए पनि यी दुई देशबीच मन सङ्लिएको छैन । ब्रिक्स सम्मेलनमा चिनियाँ राष्ट्रपति सिजिन पिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच बोलचाल भए पनि दोक्लाम बारेको विषयले प्रवेश नपाएको बताइन्छ । दोक्लाम विवाद अन्त्य भएको छैन । ब्रिक्सको पूर्वसन्धयामा स्थगित मात्र भएको छ । दोक्लामबाट आफ्ना बाँकी ८ पेजमा

## विद्यालयलाई फिल्टर



काठमाडौं । रोटरी क्लवका पूर्वअध्यक्ष तथा रोटरी डिस्ट्रिक्ट नेपालका पूर्वअसिस्टेन्ट गभर्नर सुरेन्द्र ढकालले सरस्वती माध्यामिक विद्यालय आठराई हाङपाङ ताप्लेजुङको लागि एक सेट वाटर फिल्टर एक समारोहका बीच विद्यालयका प्रधानाध्यापक लक्ष्मीप्रसाद पोखरेललाई हस्तान्तरण गर्नुभयो ।

One World Association जर्मनीले उपलब्ध गराएको उक्त फिल्टरले एक दिनमा ५ हजार लिटर पानी शुद्धीकरण गर्दछ । जर्मनीको कास्सेल विश्वविद्यालयबाट आविष्कार गरिएको उक्त फिल्टर नेपालमा रहेको सामुदायिक विद्यालय, सामुदायिक अस्पताल तथा समुदायहरुलाई मात्रै निशुल्क वितरण गर्ने लक्ष्य लिई यस वर्ष ४६ वटा फिल्टर वितरण गरिने छ ।

दश वर्षको वारेन्टी रहेको उक्त फिल्टरको लागि विद्युत लगायत कुनै पनि ऊर्जाको आवश्यकता नपर्ने र नियमित सम्भार गरी प्रयोगमा ल्याउन निकै सजिलो रहेको छ । कुल २० किलो वजन भएको उक्त फिल्टर दुर्गम क्षेत्रहरुमा बोकेरै पनि लग्न सकिन्छ ।

## राष्ट्रघातका विरुद्ध बाम दलहरु सडकमा



काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको विषय अब सडकमा पनि पोखिन थालेको छ । प्रधानमन्त्रीले भारतसँग गरेका सहमतिहरुले नेपालको राष्ट्रियतामाथि गम्भीर प्रश्न खडा गऱ्यो र नेपालीको शिर झुकाउने काम भयो भनेर विभिन्न राजनीतिक दलदेखि संसदसम्म चर्चा परिचर्चा र तीव्र आलोचना भइरहेको अवस्थामा नौ कम्युनिस्ट पार्टीहरुको गठबन्धन सडकमा उत्रिएको छ । ‘प्रधानमन्त्रीको भारत भ्रमण र राष्ट्रियताको प्रश्न’ विषयक सडक अन्तर्क्रिया कार्यक्रम रत्नपार्कस्थित शान्ति बाटिकामा आयोजना गरी नौ दलका नेताहरु तथा विभिन्न क्षेत्रको विज्ञहरुले प्रधानमन्त्रीको चर्को आलोचना गरेका छन् ।

नेपालको राष्ट्रियता दिनानुदिन कमजोर बन्दै गइरहेको अवस्थामा नौवटा वामपन्थी शक्तिहरुले साझा मोर्चा बनाई राष्ट्रियताको विषयमा एक ढिक्का भई लड्ने संकल्प गरेका छन् । भाद्र १९ गते आयोजित सडक अन्तर्क्रिया कार्यक्रमको सभापतित्व गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी बाँकी ८ पेजमा

## पत्रकार हत्याको चौतर्फी विरोध

काठमाडौं । मोदी सरकारको आलोचकको रुपमा चिनिएकी भारतीय पत्रकार गौरी लंकेशको हत्या भएको छ । उनी हिन्दू अतिवादी विचारको आलोचक थिइन् । ५५ वर्षीय पत्रकार लंकेशलाई भारतमा उनकै गृह नगर कर्नाटक राज्यको बैंगलोरमा गोली हानी हत्या गरिएको हो ।

मोटरसाइकलमा आएका अपरिचित व्यक्तिले उनलाई छातीमा र टाउकोमा गोली हानेका थिए । कर्णाटक प्रहरीले हत्याको कारण खुल्न नसकेको बताएको छ । लंकेशको हत्याको विषयलाई लिएर भारतीय लेखक पत्रकारले विरोध गरेका छन् । प्रेस तथा वाक स्वतन्त्रताको अधिकारमाथि हिन्दुत्ववाद र उग्रराष्ट्रवाद सबैभन्दा ठूलो चुनौती बनेको भन्दै भारतीय मिडियाहरुले हत्याको तीव्र आलोचना गरेका छन् ।

यसैबीच पत्रकार गौरी लंशेकको हत्याका विषयलाई बाँकी ८ पेजमा

## पराजुली र ढकाल प्रथम



रोटरी क्लब डिल्लीबजारले हालै आयोजना गरेको आठौं आन्तरिक टेवलटेनिस च्याम्पियनसीपमा महिला एकलतर्फ इन्दिरा पराजुली प्रथम र सुजिता अधिकारी द्वितीय भएका छन् भने पुरुष एकलतर्फ सुरेन्द्र ढकाल प्रथम, इन्द्रशेखर खड्का द्वितीय, पुण्य पौडेल तथा खगेन्द्र बाँकी ८ पेजमा

समय-सन्दर्भ |

## उपभोक्ता ठगी र फितलो अनुगमन

**राजेन्द्र शर्मा**

नेपालीहरुको महान चाडका रुपमा रहेको दशैं पर्व नजिक आइरहेको छ । दशैं पर्वमा वर्षभरिकै तुलनामा उच्च व्यापार हुन्छ । नयाँ लुगा लगाउने, मीठो मसिनो खाने पर्वको विशेषता भएका कारण दशैंको पूर्वसन्ध्यामा पसलहरु उपभोक्ताले भरिभराउ हुने गरेका छन् । दशैं पर्वलाई लक्षित गर्दै ग्राहक आकर्षित गर्न व्यापारीहरुले विभिन्न खालका उपहारको समेत प्रचार गरेका हुन्छन् ।

उपहारका साथै भारी मात्राको छुटको प्रचारले पसलसम्म तानिएका उपभोक्तालाई व्यापारीहरुले राम्रैसँग ठग्ने गरेका उदाहरण सार्वजनिक भएका छन् । अहिले चर्चामा रहेको दरबार मार्गका ब्रान्डेड सामान पाउने पसलहरुले गरिरहेको ठगीको धन्दाप्रति सरकारी अनुगमन टोलीको राम्रैसँग ध्यानाकर्षण भएको छ । त्यहाँ बिक्री गरिने जुत्ता, कपडा र घडीमा उपभोक्ताको राम्ररी ढाड सेकिने रहेछ ।



४१ सयको घडी १९ हजारमा बिक्री हुँदोरहेछ । ९ सयको टिसर्ट १८ सयमा बेचिन्छ । प्रत्येक सामानको मूल्य दोब्बरभन्दा बढी राखेर उपभोक्ता ठग्ने व्यापारीहरुलाई अनुगमन टोलीले कारबाही अघि बढाउँदा व्यापारीहरुबाट अवरोध खडा गर्ने र नाराबाजी गर्ने कामसमेत भइरहेको छ भने पसल बन्द गरेर व्यापारीले अनुगमनको विरोध गरेका छन् ।

दरबारमार्गका ब्रान्डेड सामान बेच्ने पसलले मात्र होइन, विभिन्न सपिङ सेन्टर र मलहरुमा ग्राहक ठग्ने क्रम बढिरहेको छ । सरकारी अनुगमनको दायरा फराकिलो पारेर सबैतिर अनुगमन गरेमा र यसलाई निरन्तरता दिएमा मात्र उपभोक्ता ठगीबाट जोगिन सक्छन् । लत्ताकपडा र घरायसी सामानहरुका साथै खाद्यान्नमा पनि उपभोक्ता ठगिएका छन् । चर्को मूल्यका अतिरिक्त मिसावटयुक्त खाद्यान्न बेचबिखन हुने गरेको छ । जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने खाद्यान्नमा गरिने मिसावटले उपभोक्ताहरु गम्भीर रोगको संकटमा पर्ने गरेका छन् । चामल, तेल, बेसार, पीठो, मसला जस्ता खाद्यपदार्थमा मिसावट हुने गरेको छ ।

हालैमात्र खाद्यान्न बेच्ने सरकारी निकाय खाद्य संस्थानकै चामल र सीमिमा ठूलो मात्रामा ढुंगा मिसिएको फेला परेको थियो । त्यसैगरी तेलमा अखाद्य तेल मिसाउने, मसलामा काठको धूलो, बेसारमा माटो, पीठो जस्ता कुराहरु मिसाउने बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# सरकार संघीयताको खिल्ली उडाइरहेको छ



**सुरेन्द्र ढकाल**
पोलिटब्यरो सदस्य
(नेकपा माले)

मौजुदा नेपालको संविधानका भाग ५ धारा ५६ र ५७ मा संघ, प्रदेश र स्थानीय तह भनेर उल्लेख गरिएको छ । अनुसुची ४ ले सात प्रदेशको व्यवस्था गरेको छ भने ती सात प्रदेशमा पंचायतले बनाएको ७५ जिल्लालाई ७७ जिल्ला बनाई भागबण्डा गरिएको छ ।

अनुसूची ८ मा स्थानीय तहलाई परिभाषा गर्दा गाउँसभा, नगर सभा र जिल्ला सभा भनेर सूचिकृत गरिएको छ । यी स्थानीय तहलाई संविधानको व्यवस्थाले स्थानीय सरकार मानेको अवस्थामा संविधानभित्रै भाग ७ मा संघीय कार्यपालिका भाग १३ मा प्रदेश कार्यपालिका, भाग १७ मा स्थानीय कार्यपालिका भनेर स्पष्ट व्यवस्था गरिएको छ ।

यस भागभित्रको धारा २१४ देखि २२० सम्ममा स्थानीय कार्यपालिका भनेर गाउँपालिका, नगरपालिका र जिल्ला सभाको व्यवस्था गरिएको छ । गाउँ कार्यपालिका र नगर कार्यपालिकाको निर्वाचन जनताद्वारा प्रत्यक्ष तर जिल्ला सभा र जिल्ला समन्वय समितिको निर्वाचन जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाको पदाधिकारीबाट हुने व्यवस्था छ । संविधानमा कतै पनि प्रदेश प्रमुख भनेझैँ जिल्ला प्रमुखको व्यवस्था छैन । त्यसैगरी संविधानको धारा १६३ देखि १६७ सम्म राष्ट्रपतिले नियुक्त गर्ने प्रदेश प्रमुखको व्यवस्था गरिएको छ जस्को संवैधानिक हैसियतलाई प्रदेशको मुख्य मन्त्रीभन्दा उपल्लो स्तरको मानिएको अवस्थामा यो भारतको संविधानअनुरुप प्रदेशको गभर्नर हुनुपर्दछ । संविधानमा भएका यी व्यवस्थाहरुलाई हेर्दा यदी संविधानको मर्मअनुरुप कार्य गर्ने हो भने निम्नानुसारका कार्यहरु हुनपर्दथ्यो तर त्यसो नभई पंचायतकालीन संरचना यथावत र सक्रिय रहेको देखिएको छ । उदाहरण यस्ता छन् ।

**संविधानको मर्मअनुरूप कार्य नभई पंचायतकालीन संरचना यथावत र सक्रिय रहेको देखिएको छ**

१) संविधानमा कतै पनि अञ्चलको व्यवस्था गरिएको छैन । तर नेपालभरि चलिरहेका मोटरगाडीको पुराना नम्बर प्लेट मात्रै नभई हालै जारी गरिएको नयाँ इम्वोस्ड नम्बर प्लेटमा पनि अञ्चलको नाम उल्लेख हुनुले यसले संविधानको राम्रै खिल्ली उडाएको छ ।

२) संविधानमा न त ५ विकास क्षेत्रको व्यवस्था छ न त क्षेत्रीय प्रशासन प्रमुखको नै । तर अहिले पनि क्षेत्रीय प्रशासकहरु कायम रहनु भनेको संविधानको खिल्ली उडाएको हो कि होइन ?

३) ७७ जिल्ला स्तरमा जिल्ला समन्वय समितिको निर्वाचित व्यवस्था भएपछि मौजुदा प्रमुख जिल्ला अधिकारी प्रमुख भएको जिल्ला कार्यालयहरुलाई जिल्ला समन्वय समितिको कार्यालयमा गाभी प्रमुख जिल्ला अधिकारीहरुको पद तुरुन्त खारेज गर्नुपर्नेमा अहिले पनि जिल्लाको प्रमुख सरकारले नियुक्त गरेको प्रमुख जिल्ला अधिकारी नै भइरहनुले पनि संविधानको खिल्ली उडाएको छ ।

४) जसरी केन्द्रमा प्रतिनिधि सभामा बहुमत प्राप्त दलले राष्ट्रपति र प्रधानमन्त्रीको निर्वाचिन गर्छ त्यसरी नै देशको प्रमुख राष्ट्रपति र सरकार प्रमुख प्रधानमन्त्री हुने भएपछि त्यही व्यवस्था प्रदेशमा पनि लागु हुनुपर्नेमा किन प्रदेश प्रमुखको निर्वाचन प्रदेश सभाको बहुमतले नगरी राष्ट्रपतिबाट हुने व्यवस्था गरियो ? के यो पंचायतकालिन १४ अंचलाधीसको गणतन्त्रकालिन ७ अवतार होइन ? के जर्मनीमा जस्तै प्रदेशको मुख्यमन्त्रीलाई नै केन्द्रीय सरकारको प्रतिनिधि मान्न मिल्दैन ? भारतकै नक्कल गरेर गभर्नर बनाउनुको औचित्य के ? होइन संघीयतालाई देखाउने दाँत मात्रै बनाएर केन्द्रीयता लादन खोजेको हो भने केन्द्रमा राष्ट्रपतिको बदला राजा, क्षेत्रमा राजाको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख गभर्नर अनि जिल्लामा गभर्नरको प्रतिनिधिको रुपमा प्रमुख जिल्ला अधिकारीको व्यवस्था गर्नु पऱ्यो ।

होइन सबै तहमा निर्वाचित प्रतिनिधि नै प्रमुख हुने हो भने किन चाहियो प्रदेश प्रमुख अधिकारी र जिल्ला प्रमुख अधिकारी ? यो भनेको खर्चको दुरुपयोग र संविधानको खिल्ली उडाउनु मात्रै हो । यी सबै व्यवहारले के देखाउँछ भने सरकार आफैँ संघीयताको खिल्ली उडाइरहेको छ ।

## सम्पादकीय

# भाषणमा सीमित गाउँघरमा सिंहदरबार

स्थानीय तहको तेस्रो चरणको निर्वाचनको लागि उम्मेदवारी दर्ता भएको छ । प्रदेश नं. २ का आठ जिल्लामा हुन गइरहेको निर्वाचनमा १३६ स्थानीय तह रहेका छन् । निर्वाचनबाट ६ हजार ६ सय २७ जना जनप्रतिनिधि निर्वाचित हुँदैछन् । मधेसवादी दल राष्ट्रिय जनता पार्टीले यसअघिका निर्वाचनमा भाग नलिएको र अहिले राजपासमेत चुनावी मैदानमा रहेकाले प्रदेश नं. २ को निर्वाचनको वातावरण बनाउन सहज भएको छ । मधेसका मात्र जिल्ला समेटिएको उक्त प्रदेश बाढीको चपेटामा नराम्रोसँग परेर अहिलेसम्म राम्रो अवस्थामा फर्किन सकेको छैन । बाढीको पीडाबीच जनता मतदान गर्ने दिनको प्रतीक्षामा बसिरहेका छन् ।

निर्वाचन लोकतन्त्रको सबैभन्दा ठूलो कसी हो । नयाँ संविधान कार्यान्वयनको जगका रूपमा रहेको स्थानीय निर्वाचनको अभावमा प्रदेश नं. २ जनप्रतिनिधिविहीन अवस्थाबाट गुज्रिरहेको छ । हालैको बाढीमा पूर्वी तराईका जिल्ला झापा, मोरङ, सुनसरी पनि प्रभावित भएकोमा त्यहाँ उद्धार र राहत कार्यमा निर्वाचित जनप्रतिनिधिहरूले सक्रियता देखाएका थिए । जनप्रतिनिधिले त्यहाँ देखाएको तत्परता मिडियाबाट जानकारी पाएका २ नं. प्रदेशका जनताले आफू जनप्रतिनिधिविहीन बन्दा थप पीडित भएको प्रतिक्रिया व्यक्त गरेका थिए । झन्डै दुई दशक अगाडिबाट स्थानीय निकायहरू जनप्रतिनिधिविहीन अवस्थाबाट गुज्रिरहेका थिए । सदरमुकाममा बसेको एकजना सचिवले चारवटासम्म गाविसको जिम्मा लिएर सञ्चालन गर्ने गरेका थिए । चरणबद्ध रूपमा सम्पन्न भइरहेका निर्वाचनले ६ वटा प्रदेशलाई जनप्रतिनिधि प्रदान गरिसकेको छ । अब असोज २ गते हुन गइरहेको निर्वाचनपछि प्रदेश नं. २ ले पनि निर्वाचित जनप्रतिनिधि प्राप्त गर्नेछ ।

अहिले एक सय दिन काम गरिसकेका जनप्रतिनिधिहरूको कार्यशैलीबारे समीक्षा समेत हुन थालेको छ । कतिपय स्थानीय तहका निर्वाचित प्रतिनिधिले व्यक्तिगत स्वार्थलिप्सा देखाएर विवादित निर्णयहरू पनि गरेका छन् भने कतिपयले जनताको मन छुने गरी आफ्नो कामको सुरूवात गरेका छन् । मुलुकको राजधानी रहेको काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले गरेका सय दिनका उपलब्धिबारे सञ्चारमाध्यममा चर्चा परिचर्चा हुन थालेको छ । मेयर शाक्यले सुरूका दिनमा नै नगरका निर्वाचित प्रतिनिधिलाई स्तरअनुसारको मोबाइल खरिद गर्ने निर्णय गरेका थिए भने आफ्ना लागि विलासी गाडी खरिद गर्ने निर्णय समेत गरेका छन् । उनले सय दिनमा एक सय एक काम गर्ने उद्घोष गरेका भए पनि उनले गरेका राम्रा कामको फेहरिस्ता प्रस्तुत गर्न सकेका छैनन् । गाडी र मोबाइलका निर्णयले उनको हैसियत स्पष्ट पारिदिएको छ । काठमाडौंको फोहोर व्यवस्थापन र खाल्डाखुल्डी व्यवस्थापन गरी हिलो र धूलो हटाउने काममा पनि मेयरले सफलता पाउन सकेका छैनन् । यो त एउटा उदाहरण मात्र हो । स्रोतसाधन सम्पन्न महानगरले त राम्रो गर्न सकिरहेको छैन भने कर्मचारीसमेत पूर्ति हुन नसकेका स्थानीय तहबाट जनताका आवश्यकता पूरा हुने कुरै भएन ।

अब निकट भविष्यमा नै सम्पूर्ण स्थानीय तहहरू जनप्रतिनिधिले भरिभराउ हुने छन् । सरकारले सबैभन्दा पहिला जनशक्ति आपूर्तिको व्यवस्था मिलाइदिन आवश्यक छ । जनताका इच्छा, चाहना धेरै छन् । त्यसैगरी कछुवा शैलीमा बढिरहेको देश विकासलाई गति दिएर तीव्र रूपमा अघि बढाउन ढिला भइसकेको छ । ऐन कानुनको व्यवस्थाका साथै कर्मचारीहरूको अविलम्ब व्यवस्था गरेर स्थानीय निकायलाई वास्तविक रूपमा जनताको सेवक र विकासको वाहक बनाउन जरूरी छ । त्यसो नभएमा 'गाउँ घरमा सिंहदरबार' को नारा कागज र भाषणमा मात्र सीमित बन्नेछ ।

# प्रकृति, संस्कृत र सदाचार



**जगदीश लामिछाने**
रौतहट, पौराई

सत्यलाई कसैले मुख थुन्यो भने त्यो कतै न कतैबाट बाहिर निस्किरहेको हुन्छ । हामी अँध्यारो ल्याएर उज्यालो थुन्न सक्दैनौं । त्यस्ता अँध्याराका पहाडमा पनि झिल्को झुल्किएर अँध्यारोले भाग्न करै लाग्छ । लुकेर हाम्रा प्रकृतिहरु पनि बस्दैनन् । चुरे क्षेत्र तथा हिमाली क्षेत्रमा प्रकृतिले मानव तथा प्राणीलाई अहिले खतराको घन्टाी बजाएर बाढी पहिरो हिउँ कम हुँदै जाँदा हिमचितुवाले बासस्थान खोज्दै हराउँदै जानु परेको छ । अरु त्यसका आहारा प्राणीको त के कुरा । मानवले बेलैमा नसोचेको कुरा भएको छ प्रकृतिले आफ्नो बाटो हिँडेकै छ ।

त्यही प्रकृतिका आश्रयमा बस्ने हामी मानिसहरु पृथ्वीलाई अरु कृत्रिम वस्तु सिमेन्ट ढुंगा आदिले छोपेर जमिनभित्र पानी जान नदिने कार्यलाई विकास भन्ने गरेका छौं । प्रकृतिको लागि जलको सुरक्षा अति आवश्यक छ । यस्तै हो वन बुट्यानको आवरण पनि चाहिने हुँदा नेपालमा निजी वनहरुले अहिले राम्रै उत्साह थपेको मान्न सकिन्छ । कुनै बेलामा तामा फलाम खानी चलाउँदा त्यस बखत बिजुलीको जोहो भइनसकेकोले धेरै वन सखाप भइसकेका थिए । अहिले पनि पुराना खानी क्षेत्रभरि पहिरामय देखिन्छन् । बासस्थान त त्यस्ता क्षेत्रबाट पर हुने नै भए । अहिले नेपाली सिमेन्ट उद्योगहरुलाई अनिवार्य रुपमा वन बुट्यान लगाउँन प्रेरित गर्नुपर्छ । त्यतिमात्र होइन, सिमेन्टले ढाकेको बस्ती मान्छेले उपभोग गरेका बाटा र पुलपुलेसाका सट्टा पर्याप्त वनजंगल बढाउन अहिले झन् अत्यावश्यक भएको छ ।

विशेष गरेर खोलाहरुले बाटो फेरिरहन्छन् भनेर जाली ढुंगा लगाउँदा त्यसमा तलतिर पानी पस्न सक्ने गरी निर्माण गर्न पनि होस पुऱ्याउनैपर्छ । किनभने त्यही खोलाको छेउमा बाटो बनाएर मोटर कुदाउने हाम्रो रहरमा घरघरबाट निस्केका पानी तथा फोहोर पदार्थलाई त्यही बाटो फेरिरहन्छन् भनेर जाली ढुंगा लगाउँदा त्यसमा तलतिर पानी पस्न सक्ने गरी निर्माण गर्न पनि होस पुऱ्याउनैपर्छै किनभने त्यही खोलाको छेउमा बाटो बनाएर मोटर कुदाउने हाम्रो रहरमा घरघरबाट निस्केका पानी तथा फोहोर पदार्थलाई त्यही बाटो तल सिमेन्टकै पाइपबाट पठाइ जमिन नाफा गर्ने संसारभरको प्रयोग हामीले नगरी भएको छैन । यस्तामा ठाउँठाउँ सफा गर्ने यन्त्र जडान गरिए पनि हाम्रा वाग्मती आदि सफा भएका छैनन् । यो अवस्था ३०।४० वर्ष अघिल्लो वाग्मती सम्झँदा आफैंलाई लाज लाग्ने नै भयो । अवश्य स्वच्छ बनाउनैपर्छ । यसपछि वरिपरि सक्दो नजिकै रुखबिरुवा अथवा झाडी नै भए पनि स्वास्थ्यप्रद बनाउन सकिन्छ ।

अब प्रसंग बदलौं- नेपाली संस्कृति विद्रुप बनाउन अहिले आधुनिक र पढैयाहरु नै लागिपरेको देखिन्छ । यसको मुख्य कारण हाम्रा विश्वविद्यालयहरुले अझ खास नेपाल संस्कृत विश्वविद्यालयमा झगडा मात्र गरिरहेर प्राचार्यहरु नै दलदलका बिल्ला भिरेर भिड्न लागेपछि विद्यार्थीहरु दलदलका कार्यकर्ता भएर बाझ्न लागेका छन् । बेलाबेलामा विश्वविद्यालयमै ताल्चा लगाउँदा आफ्नो हैसियत बढेको देख्ने गरेका छन् । यसको अर्को पाटो पनि छ, त्यहाँ नेपाली संस्कृति नपढाएर विदेशी नक्कल अथवा गुणगानमै रमाउन लागेका छन् । संस्कृत भाषामै योग आदि स्वास्थ्यबर्द्धक, गणित ज्योतिष आदि वैज्ञानिक र आयुर्वदे पनि पढेर विद्यार्थी हुनेहरु दर्शन शास्त्रभन्दा बाहिरै अहिले नास्तिक भएर चार्बाक चेला बन्नु आफ्नो अहोभाग्य सम्झने रोग लागेको छ । यस्तो बखत सरस्वतीको कृपा भएर विद्वान् र विदुषी तयार हुन कठिन हुनु स्वाभाविकै हो । अर्कातिर नेपाली भाषाकै श्रीवृद्धिका लागि संस्कृत साहित्य नपडी भएको छैन । अहिले पनि नेपाल संस्कृत विश्वविद्यालयका हजारौं स्नातकहरु सार्वजनिक विद्यालयहरुमा शिक्षकमा खपत नहुने होइनन् । तर मुहानमै खडेरी परेको छ । यसबेला त्रिभुवन विश्वविद्यालयले सहयोग पाउने कसरी ? नेपाली भाषामा स्थानीय भाषाहरुका श्रुतिमधुर झर्रा शब्दहरु बढाएर बहुभाषिक योग्यता बढाउने कसरी ?

पहिले खोला फोहोर गर्न हुँदैन भनी टाढै सोच निवृत्त हुनुपर्थ्यो । कतै राता अर्थात् झगडाका, काला अर्थात् घूसखोरी र नाफाखोरीका अथवा तस्करीका पैसा पो पऱ्यो कि भनी अमरसिंह आदि सेनापति जनकपुरमा गुठीमा पैसा र जग्गा थपिदिन्थे । काठमाडौं गुह्येश्वरीमा सुनको मोलम्बाका छाना लगाइदिन्थे । पशुपतिबाट गुह्येश्वरी जाने ढुंगेसिँढी बनाइदिन्थे आज घूस भ्रष्टाचारका पैसाले प्रत्येक साँझ सुरा र सुन्दरी फेरी फेरी आफैं बिग्रन लागेका छन् । तिनैबाट राजनीतिले बाटो बिराएको हो तिनैबाट भ्रष्टाचार मौलाउन पाएको हो र तिनैबाट न्याय क्षेत्रमा समेत धमिरा लागेर प्रधानन्यायाधीशको पद थाँती राखेरै राष्ट्रको प्रधानमन्त्री हुन हुटहुरी लागेहो हो । यस्तै बेला श्री ५ पृथ्वीनारायण शाह र श्री ५ महेन्द्रका गुण चटक्कै बिर्सिएकाले त्यसै बेला सत्यकै सानो उज्यालोले अँध्यारो अर्थात् अज्ञानको पहाड नै भगाउँछ भन्ने बिर्सिएको हो । विदेशीहरुको सामु आफ्नै नेपाली शिर निहुरेको हो । यस बखत देख्दामा पनि पाप लाग्ने लाखौं अपराधलाई हाम्रै नेता भनाउँदाहरुले लाजै नमानी अनुकरण गरिरहेको देख्नु परेको हो तर पनि हाम्रो संसदलाई धन्यवाद छ आगामी प्रतिनिधिसभा चुनावमा अर्थात् मंसिरको चुनावमा भ्रष्टको सजाय पाएकाहरुले उम्मेदवारै हुन नपाउने विधान निर्णय गरिदिएको छ । अब बेठिक काम गरेका आफैंले चुनेका प्रतिनिधि पनि फिर्ता (रिकाल) गर्न पाउने विधान पनि निर्णय गर्ने आशा गरिन्छ । अस्तु ।

**अबको क्रान्ति : पर्यावरणीय** — **सुदर्शन प्रधान**

# सर्प बचाऔं, बाढीपहिरोको प्रकोप रोकौं

नेपालमा फागुन, चैत, वैशाखमा डढेलो लाग्ने र असार, साउन, भदौ, असोजमा पहिरो जाने आमप्रवृत्ति देखिन्छ । डढेलो लाग्नु र पहिरो जानुमा गहन सम्बन्ध छ । अनि बाढीले विनाश मच्चाउनुमा अर्को सम्बन्धित कुरा छ ।

बोटबिरूवाका जराहरू भूसतहमुनि जालझैं फैलिएका हुन्छन् । तिनले त्यहाँको ढुङ्गामाटो मजबुत गरी जेलेका हुन्छन् । त्यस्तो भूमिमा पहिरो जाँदैन तर जङ्गलमा डढेलो लाग्दा त्यहाँका ससाना बोटबिरूवाहरू नष्ट हुन्छन् । तब त्यहाँको भूभाग कमजोर हुन्छ । अनि लामो बर्सादं हुँदा जमिन धानीनसक्नु हुन्छ पानीको बोझले । त्यसपछि त्यस्तो जमिनमा पहिरो जान थाल्छ । पहिरोको माटो, ढुङ्गा, काठपात नजिकको खोला, नदीमा मिसिएपछि त्यसको आयतन सयौं र हजारौं गुणा बढ्न जान्छ र बाढी उर्लन थाल्छ । सो बाढीले आफ्नो वरिपरि पर्ने खेतबारी र मानवबस्तीहरूमा समेत गम्भीर प्रभाव पार्छ ।

छ हजार खोलानाला भएको नेपालमा हरेक बर्सादमा पहिरो नजाने र बाढी नआउने विरलै होला । दुई दशकअगिसम्म यहाँको दस करोड घनमिटर उर्वर माटो बङ्गालको खाडीमा पुऱ्याउने नेपालका खोला तथा नदीहरूले हाल सोभन्दा अधिक बगाइरहेको अनुमान गर्न सकिन्छ । किनकि यहाँ वनजङ्गलको विनाश र डढेलोको प्रकोप राष्ट्रव्यापी प्रवृत्ति बनिरहेछ । अब यसलाई नियन्त्रण गर्न सम्बन्धित निकायहरू (वातावरण, वन तथा भूसंरक्षण र कृषिसँग सम्बन्धित सङ्घसंस्थाहरू) ले सशक्त नीतिहरू बनाई व्यवहारमा कार्यान्वयन गर्नुपर्छ ।

पहिरोको अर्को मुख्य कारणमा प्रकृतिको अनुपम उपहार 'सर्प' लाई शत्रु मानेर संहार गर्ने प्रवृत्ति पनि जिम्मेवार छ । किनकि सर्पले जमिन उधिन्ने र पहिरो चलाउने भूमिका खेल्ने मुसा प्रजातिलाई खोजीखोजी आहार बनाउँछ । सर्पलाई शत्रु मानेर देख्नेबित्तिकै मार्ने नेपाली परम्परा वा संस्कारै छ । आज देशभरि वार्षिक लाखौं सर्पहरू मान्छेबाट प्रत्यक्ष मारिन्छन् र अरू लाखौं सर्पहरू डढेलोको चपेटामा परेर पनि जल्छन् । स्मरण रहोस्, वसन्त ऋतुमा जङ्गलका सुकेका पातपतिंगरहरू जम्मा गरेर पोथी सर्पहरू अन्डा ढाकेर कोरल्न बस्छन् । यही मौसममा मान्छेहरू जङ्गलमा डढेलो लाउँछन् । आफ्ना सन्तानको सुरक्षाका लागि डढेलोको ज्वाला तथा लपेटासँग पनि सर्प लाप्पा खेल्छन् तर त्यो भीषण अग्निसँग निहत्था सर्पको केही लाग्दैन, त्यहीं जलेर मर्छन् र तिनका अन्डाहरू पनि खरानी बन्छन् । खेतबारी र जङ्गलमा सर्प लोप भएपछि मुसाको बगाल तीव्र वृद्धि हुन्छ । अनि त त्यहाँ जताततै जमिन छियाछिया पार्छन् र अन्नको नाशसँगै मनसुनको अविरल वर्षामा ती भूभागहरूमा पहिरो चल्छ ।

केही वर्षअगि नुवाकोटको एक डाँडामा ठूलो पहिरो गई दर्जनौं सेनाको ज्यान गयो । पछि त्यहाँ एक धामीले जोखाना हेरेर 'सर्प मारिएकाले यो पहिरो गएको' भनेर बकेको समाचार आएको थियो । पहिरो चल्नुअगि त्यहाँ सेनाले बन्दुक हानी ठूलो सर्प मारेको थियो भन्ने कुरा पनि आएको थियो । धामीले कतिपय काल्पनिक कुराहरू पनि बके होलान् तर सर्प मारिनु र पहिरो जानुमा अन्तरसम्बन्धित सत्य कुरा लुकेको छ ।

थुप्रै सम्प्रदायका मान्छेहरू नदी, वृक्ष, नागहरूको पूजा गर्छन् तर केवल औपचारिकतामा मात्र । वास्तविक व्यवहारमा जानअनजान नदी प्रदूषण गर्ने, रूखबिरूवा नष्ट गर्ने र सर्पहरूको संहार गर्ने संस्कार, संस्कृति र परम्परा बस्तै आइरहेछ । प्रकृतिको सन्तुलनमा निर्णायक भूमिका खेल्ने जल, स्थल, आकाश र वन्यजन्तु तथा पक्षीहरूको संरक्षणमा मानवसमाजका चौतर्फी संरचनाहरू कसरी निर्माण गर्ने र त्यहीअनुरूपको मानवजातिको संस्कार, संस्कृति र परम्परा कसरी बसाल्ने ? यो युगका दार्शनिक भनौं पर्यावरणविद् र समाजशास्त्रीहरूमाथिको ठूलो चुनौती बनिरहेछ । किनकि सन्तुलित र स्वस्थ प्रकृतिबिना यहाँ मानवसमाज र सभ्यताको अस्तित्वको पनि कल्पना गर्न सकिँदैन ।

क्रमशः

# मैले देखेको बाह्रौं विश्व सम्पदा :
# पेरिसको लुभ्र म्युजियम

सुरेन्द्र ढकाल



लुभ्र म्युजियम रहेको दरबार र त्यसको अगाडिको आधुनिक पिरामिड



लुभ्र म्युजियमको भित्री भागमा रहेको कलात्मक करिडोर




म्युजियमभित्र मोनालिसालाई राखेको कक्ष



म्युजियमभित्रको ग्यालरी

सन् १९८५।८६ को पहिलो शैक्षिक वर्षको पढाइ सकेपछि जुन १९८६ मा म इटलीबाट नेपाल फर्कें । अब मलाई दोस्रो शैक्षिक वर्षका लागि आफू छनौटमा पर्छु पर्दिनँ भनेर रोम स्कुल अफ पब्लिक एडमिनिष्ट्रेसनको पत्रको प्रतिक्षा गर्न थालें । किनकी पहिलो वर्षमा उच्च अंक ल्याउने केहीलाई मात्रै दोस्रो वर्षमा छनौट गरिने शर्त थियो । सेप्टेम्बरको अन्त्यसम्म पनि रोमको पत्र नआएपछि भने मैले अब रोमबाट डक्टरेट अफ स्पेशलाइजेसन इन अर्गनाइजेसन एण्ड मेनेजमेण्ट गर्न पाउने आशा त्यागिसकेको थिएँ । अनि फेरि युरोप कहिले जान पाइँदैन होला भन्ने पनि लागिसकेको थियो । तर मेरो अनुमान विपरीत एसियाबाट म एक जना मात्रै स्पेशलाइजेसनका लागि छनौट भएको पत्र र हवाई टिकट काठमाडौंस्थित इटालियन दुतावासमा आइपुगेको खवर अक्टोवर १ तारिखको बिहान दस बजे नै थाहा पाएँ र ४ तारिखको बिहानै म दिल्ली हुँदै रोमको फ्युमिचिनोको लिओनार्दो दा भेन्सी अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएँ । स्कुलले डेराको बन्दोवस्त नगरिसकेको कारण पहिलो ३ दिन लुंगो तेभेरेको युथ होस्टलमा बस्नु पर्‍यो । त्यसपछि रोम सहरको केन्द्रबाट ट्राममा २० मिनेटको समय लाग्ने ठाउँ कोली आल्वानीमा दुई बेड एक वाथरूम र एक भान्छा भएको अपार्टमेन्ट पाइयो ।

अफ्रिकाको जाइरे भन्ने देशको मुयुम्वा भन्ने मित्रका साथ म त्यहाँ बसें र दोस्रो वर्षको पढाइलाई निरन्तरता दिन थालें । पहिलो ३ महिनाको पढाइ डिसेम्बर २२ तारिखसम्म हुने र २३ देखि क्रिसमस र नयाँ वर्ष १९८७ को विदापछि जनवरी २ बाट मात्र पढाई पुनः सुरू हुने थाहा भएको कारण ११ दिनको विदा मैले फ्रान्सको पेरिसमा गएर बिताएको कुरा विश्व आश्चर्यसम्बन्धी आइफिल टावरको वर्णन गर्दा मैले उल्लेख गरिसकें । पेरिसमा रहँदा मैले लुभ्र म्युजियम, ला कन्कर्ड र नोत्रेदामको क्याथेड्रल अवलोकन गर्ने मौका पाएँ जुन डिसेम्वर ३, २००९ देखि विश्व सम्पदा सूचीमा रहेको छ । यस लेखमा म लुभ्र म्युजियमको बारेमा मात्रै वर्णन गर्छु ।

**लुभ्र म्युजियम**

फ्रान्सको राजधानी पेरिसमा रहेको लुभ्र म्युजियम संसारकै सबैभन्दा ठूलो म्युजियम र विश्व ऐतिहासिक स्मारक हो । पेरिस सहरको केन्द्रविन्दु तथा साइन नदीको दाहिने किनारमा रहेको यस म्युजियममा ३८ हजार प्राग्ऐतिहासिकदेखि आधुनिककालसम्मका बहुमूल्य वस्तुहरू प्रदर्शनमा राखिएका छन् । ७२७३५ वर्गमिटरमा फैलिएको यस म्युजियम हेर्न २०१६ मा मात्रै विश्वका विभिन्न कुनाबाट ७३ लाख पर्यटकहरू आएका थिए । यस म्युजियम लुभ्र दरबारमा राखिएको कारण पनि यसको नाम लुभ्र राखिएको हो । लुभ्र दरबार १२औं शताब्दिमा फिलिप दोस्रोको शासनकालमा बनेको थियो । पछि १५४६ मा राजा फ्रान्सिस प्रथमले यसलाई आफ्नो निवासस्थान बनाएका थिए । सन् १६८२ मा सम्राट लुई १४औंले वार्साइमा दरबार बनाएर सरेपछि यो कला एकेडेमिमा परिणत भएको थियो ।

विश्वविख्यात इटालियन चित्रकार लिओनार्दो दा भिन्सीले फ्रान्सिस प्रथमको शासनकालमा सन् १५०३ देखि १९ को बीचमा बनाएको विश्वविख्यात चित्र मानिने मोनालिसालाई यही म्युजियममा हेर्न पाइने कारण पनि यहाँ पर्यटकको ओइरो लाग्दछ । पछि १० अगष्ट १७९३ बाट यसलाई कला संग्रहालयको रूपमा खुला गरियो त्यतिखेर यहाँ ५३७ वटा पेन्टिङमात्रै प्रदर्शनमा राखिएका थिए । नेपोलियनकालमा यस दरबारको उत्तरी मोहोडा विस्तार गरिएको र यहाँ धेरै कलाकृतिका संग्रहहरू थपिएका कारण केही समय यसलाई नेपोलियन म्युजियम पनि भनिन्थ्यो ।

नेपोलियनको साम्राज्य विस्तारको क्रममा विभिन्न देशहरूबाट लुटिएका हतियार र बहुमूल्य कलाका बस्तुहरू पनि यहाँ प्रदर्शनमा राखिएको थियो तर नेपोलियनको पतनसँगै ती हतियारहरू जुन जुन देशका थिए उनीहरूलाई नै फिर्ता गरियो । लुई १८औं र चार्ल्स १०औं र दोस्रो फ्रेन्च साम्राज्यकालमा यहाँ २० हजार नयाँ संग्रहहरू थपिए । जस्मा इजिप्टसियन, मध्यपूर्वीय, ग्रिक, एत्रुस्कन, रोमन र इस्लामिक संग्रहहरू पर्दछन् । यस्ता संग्रहहरूमा चित्रकला, सजावट कला, मूर्तिकला, रेखाचित्र र छपाइकला पर्दछन् ।

सन् १८१४ देखि ७२ सम्ममा यस दरबारको आम जिर्णोद्धार गरी दरबारभित्र ग्यालरी पभेलियन थप्ने कार्य गरी झन्डै ४० हजारभन्दा बढी पुरातात्विक चित्र, मूर्ति तथा वस्तुहरू संग्रहित गर्ने कार्य गरियो ।

सन् १८७१ मा पेरिस कम्युनका समाजवादी क्रान्तिकारीहरूले यस म्युजियममा प्रवेश गरी लुटपाट मात्रै गरेनन् वल्की २३ मे को बिहान ७ बजे आगोसमेत लगाइदिए ४८ घण्टासम्म रहेको आगोले लुभ्रभित्रको पुस्तकालय र अरू केही सेक्सनहरू पुरै ध्वस्त गरेको थियो । तेस्रो गणतन्त्रकाल १८७० देखि १९४० सम्म लुभ्रले उपहार र चन्दाको रूपमा धेरै बहुमूल्य चित्रकला, मुर्तिकला तथा अन्य वस्तुहरू प्राप्त गर्‍यो । त्यसमध्ये धेरै चार्दिन, फ्रागोनार्द र रेम्ब्राटका सिर्जनाहरू थिए । यस म्युजियममा भएको पछिल्लो सिर्जना सन् १९८८ मा राष्ट्रपति फ्राँस्वा मित्तराँको शाशनकालमा बनाइएको दरबार अगाडिको मुख्य चोकको प्रवेशद्वारमा बनाइएको पिरामिड नै हो ।



लुभ्र म्युजियमको दलिनमा गरिएको कलाकृति

**Remember us for the Construction of Private and Public Works**

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो ।
राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

आधा आकाश

■ जनक केसी

# घरमा राख्नुहुँदैन सुत्केरीलाई

**यहाँ सुत्केरीका लागि परालको छानो र खरले बारेर खलेकटेरो बनाइन्छ । कहिलेकाहीँ त राति नै हुरी-बतासले छानो उडाएर लैजान्छ । सुत्केरीले रातभर रूझेर बस्नुपर्छ ।**

जाजरकोट । जुनीचाँदे- ४ लुहादहकी भविसरा खड्कालाई सुत्केरी हुनुभन्दा १० दिनअघिदेखि कटेरोमा राखिएको थियो । दुई हप्तापछि उनले त्यही कटेरोमा बच्चा जन्माइन् । सुत्केरी भएको १० दिनसम्म उनलाई कटेरोमै राखियो । सुत्केरीलाई घरभित्र बस्न दिए देउता लाग्ने डरले उनलाई परिवारले नै खलेकटेरो अर्थात् सुत्केरीलाई राख्ने कटेरोमा पुऱ्याएका थिए । सुत्केरी अवस्थामा उनले न घरपरिवारको उचित स्याहारका साथै पोषिलो खानेकुरा पाइन् न साँझबिहानको चिसोबाट बच्न तातो कपडा नै । घरबाट निकै पर रहेको खलेकटेरोमा बस्दा चिसो लाग्ने, समयमा खान नपाउने र कोही पनि भेट्न नआउने सास्ती भए पनि देउता लाग्ने डरले सुत्केरी महिलालाई खलेकटेरोमा बस्नैपर्ने बाध्यता छ ।

लुहादहकै दुर्गा खड्का कटेरोको बसाइ सकेर भर्खरै मूल घरमा सरेकी छिन् । सुत्केरी अवस्थामा खलेकटेरोको बास निकै सास्तीपूर्ण भएको उनी बताउँछिन् । 'गाउँको नियम छ, देउता लाग्ने डर छ जस्तो भए पनि कटेरोमा नबसेर कहाँ हुन्छ र ! गाउँमा कोही बिरामी पऱ्यो, वस्तुभाउ मऱ्यो भने त हामीलाई मारिहाल्छन् नि,' देउतासँगको डर पोखिन् उनले ।

जिल्लाको अति विकट गाउँ लुहादहमा रहेको यो खलेकटेरोको प्रथा हटाउनका लागि स्थानीय युवाले विभिन्न समयमा गरेको प्रयास बूढापाकाहरूको जिद्दीका कारण हट्न सकेको छैन ।

गाउँमा पुर्खादेखि चलिआएको परम्परा र देउताको लाग्ने डरका कारण बूढापाकाले यो चलन छोड्न नमानेको स्थानीय रेसम खड्काले बताए । उनले आफूलगायत केही युवाहरूले विभिन्न समयमा खलेकटेरोको प्रथा हटाउन गरेको पहल असफल भएको बताए । गाउँमा प्रत्येक घरमा सुत्केरी भएर बस्नका लागि खलेकटेरो बनाउने चलन छ । महिनावारी हुँदा पनि महिला त्यही कटेरोमा बस्छन् । घरबाट धेरै टाढा बनाइने खलेकटेरोको महिलाका लागि असुरक्षित हुने गरेको छ ।

परालको छानो र खरले बारेर कटेरो बनाइन्छ । कहिलेकाहीँ त राति नै हुरी-बतासले छानो उडाएर लैजान्छ । महिलालाई सुत्केरी अवस्था र महिनावारीका बेला विशेष स्याहार चाहिने भए पनि गाउँमा चलेको कुप्रथाको कारण यस्तो कटेरोमा बस्न बाध्य पारिन्छ । सुत्केरी भएको १० दिन र रजस्वला भएको ५ दिनसम्म घरमा बसे देउताले



अनर्थ गरिदिने अन्धविश्वास लुहादहवासीमा अझै छ । स्थानीय ६३ वर्षीय कैलो खड्का घरमै सुत्केरी गराए देउताले नसहने भएकाले खलेकटेरोमा सुत्केरीहरूलाई राख्न आफूहरू बाध्य भएको जिकिर गर्छन् । 'खलेकटेरोमा सुत्केरी र बच्चा बिरामी परे उपचार गरिन्छ, तर परम्परादेखिको चलन छोड्न सकिँदैन,' खड्काले भने । यो चलन पहिलेदेखिकै भएकोले कुनै पनि हालतमा छोड्न नसकिने उनले बताए । 'हाम्रा बा र हामी र सबै भाइबहिनी त्यही खलेकटेरोमा जन्मियौँ, अब किन यो चलन छोड्ने त ?' कैले खड्का उल्टै प्रश्न गर्छन् ।

गत कात्तिकमा सुत्केरी हुँदा खलेकटेरोमै बसेकी स्थानीय ज्योति रावत १० दिनको कटेरोको बसाइ सकेर मूल घरमा आउँदा उनी रुघा र ज्वरोले थला परिन् । उनको नवजात शिशुलाई निमोनियाले सतायो ।

कटेरोमा बसेर निस्किँदाको अवस्था सुनाउँदै उनले थपिन्, 'खलेकटेरोबाट बाहिर आउँदा अनुहार पूरै सुन्निएको थियो । कटेरामा बस्दा आफन्त पनि छुन नहुने भनेर आउँदैनथे । बच्चा बिरामी हुँदा पनि कसैले वास्तै गरेन । ढोका पनि थिएन । डरले रातभरि निदाउनै सक्दिनथेँ ।'

जुनीचाँदे गाउँपालिकाको वडा नं. ४ को उपलुहा र वडीवाटी गाउँमा चरम रूपमा कायम रहेको यो प्रथाको अन्त्यका लागि ि वभिन्न निकायले गम्भीरतापूर्वक सोच्नुपर्ने स्थानीय महिला अधिकारकर्मी मैना रावल बताउँछिन् । '२१औँ शताब्दीको यो जमानामा पनि देउताको नाउँमा सुत्केरी महिलालाई अमानवीय ढङ्गले खलेकटेरोमा राख्नु दुःखको कुरा हो । धेरै पहल गर्दा पनि बूढापाकाका ढिपीले गर्दा यो चलन तोड्न सकिएको छैन,' उनले भनिन् ।

खलेकटेरोको प्रथा लुहादहमा दुई सयभन्दा बढी परिवार बस्छन् । पछिल्लो समयमा त यो परम्परा हट्नुको सट्टा झन्झन् बलियो हुँदै गएको आदर्श मावि लुहादहका प्रधानाध्यापक गणेशबहादुर खड्काले बताए । उनले सरकारी निकाय र सरोकारवाला संस्थाहरूले गम्भीरतापूर्वक सोचेर राम्रो जनचेतनामूलक कार्यक्रम गरे प्रथा हट्न सक्ने बताए ।

*(संचारिका फिचर सेवा)*

# वार्ड भेलामा बालअधिकारको मुद्दा

**दीपेन्द्र प्रजापती/बीरगञ्ज**

पुषको पहिलो साता पर्सा ि जल्लाको बेल्वा गाविसस्थित वडा नम्बर ९ कटगेल्वामा बेग्लै रौनक थियो । कठ्यांग्रिदो जाडोको पर्बाह नगरी वडाका बासिन्दाहरू वडा नागरिक मञ्चका संयोजक राम विलास महतो-घाँघडले बोलाएको वडा भेलामा सामेल हुँदै थिए । वडा भेलाको सहजीकरण भने बालमैत्री स्थानीय शासनका फोकल पर्सन सोनम खड्काले मैथली भाषामा गरेकी थिईन् ।

स्थानीय शासनको सहभागितामूलक योजना छनौट प्रक्रियाको १४ चरणमध्ये वडा भेला एक महत्वपूर्ण चरण हो । तत्कालीन बेल्वा गाविसमा पनि योजना छनौटको प्रयोजनका लागि वडा भेला आयोजना गरिएको थियो । भेलामा सबै राजनीतिक दलका प्रतिनिधिरु, वडा नागरिक मञ्चका सदस्यहरू, महिला समूहका पदाधिकारी, दलित, आदिवासी जनजाति, नागरिक सचेतना केन्द्रका सदस्यहरू, सहकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूको बाक्लो उपस्थितिका बीच वडा भेला भईरहेको थियो ।

वडा भेला सहजीकरण गरिरहेकी सोनम योजनाको प्राथामिकता निर्धारण गर्न भेलालाई आग्रह गरीरहेकी थिइन् भने सामजिक परिचालक आरती पञ्जीयार महिला, दलित जनजाति तथा भौतिक संरचनाको सूचि टिपोट गरिहेकी थिईन् । यही माहौलबीच स्थानीय बाल क्लबका प्रतिनिधिहरूको बोल्ने पालो आयो । स्थानीय सरस्वती बाल क्लबकी सचिब समेत रहेकी रविना महतोले समय मागेर बाल अधिकारबारे बोलिन् । भनिन्- 'यहाँ नाला बनाउने कि मन्दिर बनाउने बिषयमा बहस भएको छ, तर आफ्ना बालबच्चालाई कस्तो बनाउने भन्ने बिषयमा चाही किन बहस नभएको ?' रबिनाको यो प्रश्नमा कसैले जवाफ दिएनन् उल्टै उनले थपिन्- 'गाउँमा बाल बिबाह भईरहेको छ । यसलाई रोक्ने उपाय के हो ? यो वडा भेला यसमा



केन्द्रित हुनुपर्छ ।'

धेरैबेरको सन्नाटापछि वडास्तरीय बाल सञ्जालका प्रेमशिला महतो बोलिन् । भन्दै थिइन् 'बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास र सहभागिताको अधिकारबारे सरोकार देखाउने यही थलो हो ।' उनको यो भनाई पछि पुरै वडा भेला बाल अधिकारमा केन्द्रित भएको थियो ।

बालबालिकाका कुरालाई ध्यानपूर्वक सुनेका स्थानीय हिफाजत अन्सारीले बालबालिकाको आवाज सही भएको निश्कर्ष सुनाउँदै अभिभावकविहीन, परिवारबाट अलग्गिएका, भोकमरीमा परेका, जीवन निर्वाहमा कठीनाई भएका, असुरक्षित वास स्थानमा रहेका, मनोसामाजिक समस्यामा परेका, अपाङ्गता भएका, शारीरिक हिंसा, दुर्व्यवहारमा परेका, पर्नसक्ने सम्भावना भएका, यौन हिंसा, लैगिक दुर्व्यवहारमा परेका, पर्नसक्ने सम्भावना भएका, ओसार पसारमा परेका, पर्नसक्ने सम्भावना भएका बालबालिकालाई केन्द्रमा राखेर स्थानीय तहले योजना बनाउन सुझाएका थिए ।

स्थानीय सामाजिक कार्यकर्ता सन्जु शर्माले भने- 'बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाका अधिकार सुरक्षित भएमा मात्र बाल अधिकार सुरक्षित हुन्छ । बालबालिका सुरक्षित रूपमा जन्म हुनु पर्दछ । जन्मेपछि पौष्टिक आहार र आवास, स्वस्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचारलगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ ।'

विपद्बाट सिंगै समुदाय नै प्रभावित भएको हुन्छ । शारीरिक मानसिक रुपमा अति संवेदनशील अवस्थामा रहने बालबालिका विपद्बाट सिर्जना भएका समस्याहरूबाट बढी नै प्रभावित हुन पुग्दछन् । अतः सामान्यतया विपद्को बेलामा बाल संरक्षणका लागि निम्न अवस्थाका बालबालिकालाई प्राथमिकताका साथ विशेष ध्यान दिनुपर्दछ ।

शर्माको प्रस्तावलाई समर्थन गर्दै राजबाबु महतोले संरक्षण पाउने अधिकारतर्फ पनि समाजको ध्यान जानुपर्ने बताए । भने 'प्रत्येक बालबालिकाले भेदभाव, यौन शोषण, श्रम शोषणलगायत सबै प्रकारको शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन एवं हानिकारक काम तथा युद्धमा संलग्न हुनुपर्ने स्थिति, ओसारपसार तथा बेचबिखन र बाबुआमाबाट अलग्गिनुपर्ने लगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुन पाउनुपर्छ ।'

बाल अधिकारको चर्चा गर्दा सहभागी हुन पाउने अधिकारलाई बिर्सन नहुने तैरुन नेसाको विचार थियो । बालबालिकासँग सम्बन्धित विषयमा उनीहरूले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्छ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरूको उमेर र परिपक्वताअनुसार त्यसलाई उचित मान्यता पनि दिइनुपर्दछ । रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलापमा बिना भेदभाव सहभागी हुन पाउने, बालबालिकाको क्लब, समूह खोल्न वा सहभागी हुन पाउनेलगायतका अधिकारहरू सबै बालबालिकाले पाउनुपर्छ । जसबाट बालबालिकालाई तत्कालै पनि प्रभावित पारिरहेको हुन्छ भने यसले उनीहरूको विकासमा दीर्घकालीन असर पनि गर्दछ । त्यसैले बाल संरक्षणका लागि सबै सचेत र क्रियाशील हुनुपर्दछ ।

संसारमा झन्डै सवा अरब बालबालिका छन् । यी सबै बालबालिकालाई भविष्यमा एउटा असल र सिर्जनशील बयस्कका रुपमा समाजमा स्थापित हुने गरी हुर्कन पाउने अधिकार छ । यसका निम्ति परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्र सबैले जिम्मेवारीपूर्वक आफ्नो दायित्व निर्वाह गर्नुपर्छ । बालबालिका स्वयम् पनि सचेत र उमेरअनुसार जिम्मेवार हुनुपर्छ । बालबालिकाका अधिकारका बारेमा धेरै छलफलपछि संयुक्त राष्ट्रसंघबाट सन् १९८९ मा पारित बालअधिकारसम्बन्धी महासन्धिलाई संसारका १९३ राष्ट्रले समर्थन जनाएका छन् । यो सबैका लागि अन्तर्राष्ट्रिय कानुन बनिसकेको छ । यस महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरिसकेको छ । यस महासन्धिमा १८ वर्ष मुनिका सबैलाई बालबालिका मानिएको छ र उनीहरूका अधिकारको संरक्षण तथा प्रवर्धन गर्नु सबैको दायित्व हो भन्ने कुरा उल्लेख गरिएको छ ।

पर्सा जिल्लाको बेल्वा गाविस जस्तो पिछडिएको समुदायमा बाल अधिकारसम्बन्धी यस प्रकारको उच्चस्तरीय संबाद उदाहरणीय रहेको वडा भेलामा पुगेका पत्रकार कृष्णमुरारीले बताए ।

*–साभारः मीरेष्ट लेखमाला*

बांगा कविता

## खै त दारी दिवस ?



● प्रेम ओली
(ढकलपुरे)

अस्ती बाल दिवस
हिजो खै के दिवस
आज नारी दिवस
तर खै त दारी दिवस ?
जमाना धेरै बद्लिसक्यो
बागमतिमा पानी धेरै बगी सक्यो
अब त नारी मात्र होइन
दारी पनि पीडित छन
सारी मात्र होइन
सुरुवालभोटि धारी पनि पीडित छन
नारी भित्र भित्र पिडित छन् ,
बाहिर अधिकार त धेरै पाका छन्
वास्तवमा नारी भन्दा त यहाँ
दारी पो पीडित हुदैआकाछन ।
दारिबाट भन्दा नारी
नारीकै शिकार भाकाछन
नारिको लागि यहाँ
नारी नै बिकार भइ आकाछन ।

बोल्नेलाई मात्र अधिकार ,
बोल्ने नै अगाडि बडेकाछन
नबोल्ने बिचरा अबला नारी त
झन भित्र भित्रै सडेका छन्
बाल दिवस, नारी दिवस
बृद्धा दिवस , दारी दिवस,
मनाऔ अब सबै दिवस
नारी पनि बराबरी, ह्याप्पी नारी
दिवस ।

# जलवायु परिवर्तन, माटोको जगेर्ना

**हेमचन्द्र महतो**

माटो हाम्रो जीवन पद्धति र जीविकासँग जोडिएको प्राकृतिक स्रोत हो । प्रकृतिमा एक अंगुल माटो बन्न चार सय वर्षभन्दा बढी समय लाग्दछ । यस्तो दुर्लभ र पुनर्नवीकरण गर्न धेरै समय लाग्ने माटो प्राकृतिक कारण वा मानव सिर्जित कारणबाट बगेर खेर गइरहेको छ । माटोविज्ञका अनुसार पृथ्वीमा ढुंगामाटोको निश्चित आयु हुने त्यसपछि आफै कुहिएर, छुट्टिएर पानी तथा हावा जस्ता माध्यमले स्वतः बगाएर लैजाने तथ्य सुझाएका छन् । यी विभिन्न कारणले नेपालमा करिव ६००० नदीनालाहरू मलिलो माटो बोकेर बग्न बाध्य छन् । बर्षेनि करिब ५६ टन प्रतिहेक्टरका दरले माटो बगेर बंगालको खाडिमा पुग्ने गरेको तथ्यांक विभिन्न लेखमा पढ्न पाइन्छ । यद्यपि उक्त माटो बग्ने दरमा नियन्त्रण हुन नसकेको अवस्था छ ।

नेपालको सन्दर्भमा ७५ प्रतिशतभन्दा बढी वर्षा मनसुनको समयमा हुने गरेको छ । यो समयावधि जुनदेखि सेप्टेम्बर महिनासम्मको पर्छ । नेपालमा मनसुनको समयमा मात्र बढी पानी पर्ने, भिरालोपन भएको भू बनोट, अग्ला पहाड, कमलो चटानले बनेको भौगोलिक अवस्था, गहिरो र सांघुरो नदी प्रणली जस्ता कारणले गर्दा नेपालका प्राकृतिक रूपमा पनि भूक्षय तथा भूस्खलनको समस्या हुने र जसबाट बर्सेनि हजारौ जनता विपत्तिमा पर्ने अनि जनधनको अपुरणीय क्षति भोग्नु पर्ने अवस्था छ ।

खासगरी पहाडी क्षेत्रमा भइरहेको अव्यवस्थित बसोबास, भिरालो जमिनमा समेत जथाभावी गरिएका जग्गा प्लटिङ्ग, वातावरणीय अध्ययनविनै डोजरले खनिएका ग्रामिण सडक, वन विनाश, वन डढेलो, अव्यवस्थित चरिचरण प्रणाली, अवैज्ञानिक कृषि प्रणालि तथा एकीकृत भूउपयोग नीतिको अभाव जस्ता कारणले सतही माटो बगेर खोलानालामा मिसिदै बगिरहेको छ ।

फलस्वरूप खेतीयोग्य जमीन नाश हुनुको साथै मलिलो माटो बगेर जाँदा भू उत्पादकत्वमा कमी भई खाद्यान्न उत्पादनमा समेत ह्रास आउनुको साथै जनताको सामाजिक अवस्थामा समेत नकारात्मक प्रभाव पारेको छ ।

मुलुकको कुल जनसंख्याको करिब दुई तिहाई जनसंख्या कृषि पेशामा निर्भर रहेकोले आम नेपालीको जिउने आधार माटो हो, जसको दिगो संरक्षण भएन भने कृषि क्षेत्रबाट जनताको जीवनस्तर माथि उठाउन सकिदैन । जनताको जीवनस्तर उठाउन र वातावरणीय सन्तुलन कायम राख्न भू संरक्षण तथा जलाधार व्यवस्थापनको प्रयासद्वारा भूक्षय रोकथाम गरी जमीनको उर्वराशक्ति बढाउन आवश्यक छ । जलाधारीय स्रोतहरूको उचित संरक्षण एवम् दिगो उपयोगबाट जलाधार क्षेत्रका जनताका खाद्यान्नका साथै घास, दाउरा रका जस्ता आधारभूत आवश्यक्ताहरू दिगो रूपमा परिपूर्ति गर्दे जनताको जीविकोपार्जनमा ठोस मद्दत पुऱ्याउन जरूरी छ ।

भूक्षयबाट हुने माटो उर्वराशक्ति ह्रासलाई रोकी जल, जंगल, जनता र जीवजन्तुवीचको अन्तर सम्बन्ध सन्तुलित राख्न र प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोग गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउनु आजको आवश्यक्ता हो । जल जमीनको संरक्षणद्वारा स्थानिय आवश्यक्ता परि पूर्ति गर्दै सन्तुलित वातावरण कायम राख्न र जनताको आवश्यक्ता पूर्तिका लागि स्थानिय समुदायहरूको सहभागिता अपरिहार्य हुन्छ ।

भिरालो जमिनका कारण माटोको जगेर्ना र संरक्षण गर्न हाम्रा पुर्खाहरूले गह्रा बनाएर खेतीपाती गर्ने, माटो बग्न नदिन खोल्सा खोल्सीमा बाँस, विरूवा लागाउने, भलपानी तर्काउन परम्परागत कुलोहरू बनाउने जस्ता कम खर्चिलो विधिहरू प्रयोग गरेका थिए । तर त्यसरी जोगाएको माटो आजकल जथाभावी डोजरले खनेर खोलामा बगाइरहेका छन् ।

यसले गर्दा एकातिर उर्वर माटो कम हुन गई कृषिको उत्पादकत्वमा ह्रास भइरहेको छ भने अर्कोतिर खोलाहरूमा पानीसंगै ढुंगा, माटो, लेदो बग्दा माथिल्लो तटीय क्षेत्रमा नदी/खोलाको कटानी बढ्ने र तल्लो तटीय क्षेत्रमा गेग्रान थुप्रिने र बाढीले पुर्ने समस्याहरू विकराल रूपमा बढेको छ । यसैले जमिनको संरक्षण महत्वपुर्ण चासोको विषय सावित भएको छ ।

विश्वव्यापी तापमान वृद्धिले जलवायु परिवर्तनमा परेको असरबाट अत्यन्त बढी प्रभावित मुलुकको सुचीमा नेपाल चौथो स्थानमा परेको एक अध्ययनले देखाएको छ । जलवायु परिवर्तनले पारेका नकारात्मक असरसँग जुध्न भूसंरक्षण कार्यालयहरूले गर्दै आएका संरक्षणमूलक कार्यहरू जस्तै : पानी मुहान संरक्षण, सिमसार र ताल तलैया संरक्षण, सिंचाइकुलो संरक्षण, भलपानी तथा आकेसेपानी व्यवस्थापन, बाढी, पहिरो र गल्छी नियन्त्रण, नदी खोलाको कटानी नियन्त्रण, वृक्षारोपण, कृषिवन मैत्री खेतबारी संरक्षण आदी कामहरू प्रभावकारी सावित भएका छन् ।

भूमिका उपयोगिता अनुसार त्यसको प्राकृतिक स्वरूपलाई उचित रूपमा परिवर्तन गरी त्यसको सतह संरक्षणका लागि अर्थात माटोमा भएका प्राङ्गारिक पदार्थका कम्तिमा पनि १% भन्दा कम हुन नदिन आवश्यक वैज्ञानिक प्रविधि अपनाई गरिने व्यवस्थापन प्रणाली नै भू-व्यवस्थापन हो । चर्को हावा/वतास र वर्षातका कारण भूक्षय हुने हुनाले एक ईञ्च मात्र माटा वन्न हजारौ वर्ष लाग्ने, कयौ इञ्च माटो क्षणभरमा नै वगेर जान सक्न भएकोले भू-क्षय नियन्त्रणका उपायहरू अपनाउनुपर्ने हुन्छ । यसमा कम खनजोतका प्रविधिहरू अवलम्वन गर्ने (जस्तैः गह्रा/कान्ला वनाउने, सम्याउने, समुचित जोताइ गर्ने, माटोलाइ कम चलाउने, वाली जमिनवाट नकाटी कमसेकम कहि वालीका अवशेष भएपनि खेतवारीमा छोड्ने, आदि) वाट माटो अस्थिर हुन पाउदैन र ठीक अवस्था वा ठाउँमा जगेर्ना भइरहन्छ ।

भूक्षयबाट हु ने समस्याहरूलाई न्यूनीकरण गर्न सहभागितात्मक जलाधार व्यवस्थापनका कार्यक्रमहरू मार्फत जमीनको उत्पाकत्व वृद्धि गरी स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गरी गरीवी न्यूनीकरणमा योगदान पुऱ्याउन दीर्घकालिन योजना तथा सोको प्रभावकारी कार्यान्वयनको टड्कारो आवश्यक्ता रहेको देखिन्छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# हाइड्रोजन बमको परीक्षणपछि अझै कडा नाकाबन्दी



विष्णु भट्टराई

उत्तर कोरियाले शक्तिशाली हाइड्रोजन बम परीक्षण गरेपछि सुरक्षा परिषद्ले उत्तर कोरियामाथि थप नाकाबन्दी लगाउने प्रस्ताव ल्याएको छ । तर यो प्रस्तावको विरुद्धमा चीन र रुस उभिएका छन् । यदि यो प्रस्ताव पारित भएमा उत्तर कोरियामाथि नाकाबन्दी अझ कसिलो हुनेछ र त्यसले उत्तर कोरियाको जनजीवन नै तहसनहस हुनेछ । यसका विरुद्धमा फेरि उत्तर कोरियाले अर्को शक्तिशाली बम परीक्षण गर्नेछ भन्नेमा शंका नगरे हुन्छ ।

उत्तर कोरियाका विरुद्ध अमेरिका, दक्षिण कोरिया र जापान समेत लागिपरेका छन् । यदि अमेरिकी ट्रम्प प्रशासनको उक्साहटमा उत्तर कोरियामाथि हमला भए यो अमेरिकाकै लागि महँगो पर्ने देखिँदैछ । विगतमा पनि अमेरिकाले आफूभन्दा सानो मुलुक भियतनाममाथि यस्तै गल्ती गरेको थियो । उसले भियतनामसँग युद्ध हारेको थियो । उत्तर कोरिया अमेरिकाका लागि अर्को भियतनाम बन्न सक्ने सम्भावनालाई इन्कार गर्न सकिँदैन ।

दक्षिण कोरियाली सेनाले जमिनबाट आकाशमा हान्ने खालको ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको छ । उत्तर कोरियाको आणविक परीक्षणपछि दक्षिणले पनि जमिनबाट आकाशमा हान्न सक्ने क्षेप्यास्त्र परीक्षण गरेको सोलले जनाएको छ । उत्तर कोरियाले अन्तर्राष्ट्रिय समुदायको आग्रहको बेवास्ता गर्दै आणविक परीक्षणहरू गर्दै आएको छ । उसले आइतबार मात्र पनि शक्तिशाली आणविक परीक्षण गरेको थियो । सो परीक्षण गरिएको बम हाइड्रोजन बम भएको बताइएको छ ।

दक्षिणको सेनाले सोमबार बिहानको मिर्मिरे उज्यालोमा छोटो दूरीको हाइम्बु नामको ब्यालेस्टिक क्षेप्यास्त्र आकाशतिर हानेको थियो । पछि त्यो 'जमिनमै फर्किएको दृश्य उनीहरूले सार्वजनिक गरेको भिडियोमा देखिएको छ ।दक्षिण कोरियाली अधिकारीहरूले सार्वजनिक गरेको भिडियोमा सो क्षेप्यास्त्र हानेको दृश्य कैंद गरिएको छ । सो भिडियोमा दक्षिण कोरियाको एफ-१५ लडाकु विमानले जमिनबाट आकाशमा हानेका क्षेप्यास्त्रका दृश्यहरू देखिएको छ । यसलाई उनीहरूले नै छोटो दूरीको भनी व्याख्या गरेका छन् । लम्बाई कतिसम्म हो भन्ने बारेमा पनि उनीहरूले भिडियो वा सेनाको विज्ञप्तिमार्फत केही स्पष्ट गरेका छैनन् ।

देशको पूर्वीसमुद्रमा सो ब्यालेस्टिक क्षेप्यास्त्रको लक्ष्य बनाइएको थियो । क्षेप्यास्त्रको परीक्षण सफल भएको र तोकिएको गन्तव्यमा क्षेप्यास्त्र पुगेर सकुशल फिर्ता भएको दक्षिण कोरियाली सेनाका प्रमुखले जनाएका छन् । उता आइतबार मात्र उत्तरले गरेको हाइड्रोजन बम परीक्षणको समाचारलाई संसारका समाचार समितिहरूले आइतबार बिहानदेखि सम्प्रेषण गरेका थिए । ती समाचारमा यो घटनाबाट संसारमा ठूलो हलचल पैदा भएको मात्र नभई आणविक शस्त्रको होड बढाउने त्रासका रूपमा पनि टिप्पणी गरेका थिए ।

उत्तर कोरियाका छिमेकी देशहरू दक्षिण कोरिया र जापानले आइतबारको हाइड्रोजन बम परीक्षणको पुष्टि गर्दै यसका कारण उनीहरूको देशको भूभागका पनि भूकम्पको जस्तै कम्पन आएको बताएका छन् । फ्रान्सेली समाचार समितिले दक्षिण कोरिया र चीनका विज्ञहरूलाई उद्धृत गर्दै लेखेको छ, 'उत्तर कोरियाले क्षेप्यास्त्रहरू निर्माण गर्ने गरेको क्षेत्रमा कम्तीमा पनि ६ म्याग्निच्युड हाराहारीको कम्पन आएको जनाएको छ । पहिलेको भन्दा यस परीक्षण धेरै शक्तिशाली रहेकाले पनि विश्वमा उत्तर कोरियाको आइतबारको परीक्षणले तनाव उत्पन्न गरेको बताइन्छ । उत्तर कोरियाले यसअघि गरेको पाँचौंपटकको परीक्षणभन्दा यो कम्तीमा पनि १० गुणा बढी शक्तिशाली रहेको टिप्पणी गरिएको छ ।

दक्षिण कोरियाले सोमबार गरेको परीक्षण पनि उत्तरको परीक्षणस्थलसम्म लक्ष्य गरिएको पाइएको छ । जसका कारण यी दुवै परीक्षणले आपसमा लक्ष्य गरेको देखिन्छ । उत्तर कोरियाले आइतबार हाइड्रोजन बम मिश्रित क्षेप्यास्त्र परीक्षण गरेको स्थानलाई लक्ष्य गरेर गरिएको सो परीक्षण पनि सफल भएको दक्षिण कोरियाले जानकारी दिएको छ । यस परीक्षणपछि दक्षिण कोरियाली राष्ट्रपति मुन जे इनले दक्षिण कोरियाले कडाभन्दा कडा सजाय दिन सक्ने चेतावनी दिएका छन् । उनको यो भनाइ उत्तर कोरियाप्रति लक्षित रहेको देखिन्छ ।

उता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने पछिल्लो समयमा उत्तरले गरेको आणविक परीक्षणपछि दक्षिण कोरिया जिम्मेवार रूपमा जवाफ फर्काउन सक्ने अवस्थामा नदेखिएको भन्दै कडा आलोचना गरेका छन् । उनले आइतबार उत्तर कोरियाले गरेको परीक्षणलगत्तै गरेको ट्वीटमा भनेका छन्, 'दक्षिणले गर्ने भनेको उत्तरसँगको शान्तिपूर्ण वार्ता सम्भव छैन तर तिमीहरू (दक्षिण कोरिया) ले गर्ने भनेको कारबाही आक्रमणको बदला आक्रमण नै हो ।'त्यसपछि सोमबार बिहान दक्षिण कोरियाका तर्फबाट यो जवाफी फायरिङका रूपमा ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षणको कुरा आएको हो । यसअघि भने उत्तर कोरियाले बारम्बार यस्ता क्षेप्यास्त्र परीक्षण गर्दा भने



दक्षिणले विरोध मात्र गर्ने गरेको थियो ।

यसपटक भने दक्षिण कोरियाले पनि यो क्षेप्यास्त्र प्रहार गरेको समाचार अनौठो रूपमा प्रचारमा आएको छ । उत्तरको क्षेप्यास्त्रका विरुद्ध दक्षिणले पनि यसरी क्षेप्यास्त्र नै हान्ने यो धेरै लामो समयपछिको घटना हो । दक्षिण कोरियाली राष्ट्रपतिले उत्तरलाई राम्रो सबक सिकाउने र आवश्यक मात्रामा जवाफ दिने चेतावनी दिएका छन् ।

उत्तर कोरियाली सञ्चारमाध्यमले प्रशान्त क्षेत्रमा रहेको अमेरिकी टापु गुआममाथिको आक्रमणको चेतावनीलाई दोहोऱ्याएका छन् । यसअघि उत्तर कोरियाले अगस्टको पहिलो सातामै गुआममाथि हमला गर्ने तयारी रहेको बताएपछि अमेरिका र उत्तर कोरियाबीच तनाव बढेको थियो । यद्यपि उत्तरले अमेरिकी गतिविधिलाई हेरेर मात्रै गुआमबारे निर्णयमा पुग्ने जनाएको थियो ।

मंगलबार उत्तर कोरियाले जापानको उत्तरी क्षेत्र होक्काइदो टापुमाथिबाट शक्तिशाली ब्यालिस्टिक मिसाइल समुद्रमा खसाएपछि पुनः उत्तर कोरिया र जापानबीच तनावको अवस्था देखिएको छ । उत्तर कोरियाको यो मिसाइल परीक्षणपछि सो क्षेत्रमा सर्वसाधारणलाई उच्च सतर्कतामा रहन निर्देशन दिइएको थियो ।

संयुक्त राष्ट्रसंघले उत्तर कोरियामाथि सर्वसम्मतिले प्रतिबन्ध लगाउँपछि उसले त्यसको कडा विरोध गर्दै यसमा अमेरिकाको हात रहेकोले गुआममाथि हमला गर्ने बताउँदै आएको थियो । मंगलबार न्युयोर्कमा बसेको राष्ट्रसंघ सुरक्षा परिषद्को बैठकमा सर्वसम्मतिले उत्तर कोरियाको पछिल्लो कदमको विरोध गरिएको छ । परिषद्ले उत्तर कोरियालाई आफ्नो परमाणु कार्यक्रम रद्द गर्न समेत आग्रह गरेको छ ।

सुरक्षा परिषद्ले उत्तर कोरियाले लगातार परीक्षण गरिरहेको मिसाइल राष्ट्रसंघका सबै राष्ट्रका लागि समेत खतरा रहेको बताएको छ । यद्यपि उत्तर कोरियामाथि थप प्रतिबन्धबारे भने कुनै निर्णय भएन । उत्तर कोरियाले केही समयअघि अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल परीक्षण गरेपछि कडा प्रतिबन्ध लगाइएको थियो ।

सुरक्षा परिषद्को बैठकमा रसिया र चीनले भने कोरियाली प्रायद्वीपमा तनाव बढ्नुमा अमेरिकाको उत्तेजक सैन्य गतिविधि र दक्षिण कोरियासँगको संयुक्त सैन्य अभ्यास जिम्मेवार रहेको भन्दै कडा आलोचना गरेका छन् । उनीहरूले दक्षिण कोरियामा रहेको थाडलगायतका परमाणुप्रतिरोधी यन्त्रहरू हटाउन तथा संयुक्त सैन्य अभ्यासजस्ता कार्यलाई निरन्तरता नदिनसमेत आग्रह गरेका छन् । यी दुवै राष्ट्रले यसअघिदेखि नै दक्षिण कोरियामा रहेको थाड एन्टी मिसाइल सिस्टम हटाउन आग्रह गर्दै आएका थिए । जापान भ्रमणमा आएकी बेलायती प्रधानमन्त्री थेरेसा मेले चीनलाई उत्तर कोरियालाई परमाणु कार्यक्रमलाई निरन्तरता नदिन दबाब दिन तथा प्योङयाङलाई उत्तरदायी बनाउन आग्रह गरेकी छन् ।

संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को कडा प्रतिबन्ध र आग्रहका बाबजुद उत्तर कोरियाले पछिल्लो समयमा आफ्नो परमाणु कार्यक्रमलाई तीव्र बनाएको छ । उत्तर कोरियाले मंगलबार प्योङयाङ नजिकैबाट ह्वासोङ-१२ नाम मिसाइल परीक्षण गरेको बताइएको छ । यसले २ हजार ७ सय किलोमिटरको दुरी तय गरी जापानदेखि १ हजार १ सय ८० किलोमिटर नजिकै समुद्रमा खसेको थियो ।

उत्तर कोरियाली सरकारी समाचार एजेन्सी केसीएनएले पहिलोपटक जापानी भूभागमाथिबाट गरिएको यो मिसाइलबारे आधिकारिक धारणा सार्वजनिक गरेको हो । यो परीक्षणलाई अमेरिका र दक्षिण कोरियाबीचको संयुक्त सैन्य अभ्यासको सिधा विरोध र सन् १९१० मा जापानले कोरियाली प्रायद्वीपमाथि कब्जा जमाएको बार्षिकीलाई लक्षित गरी गरिएको परीक्षणका रूपमा लिइएको छ ।

केसीएनएले नेता किम जोङ उनलाई उद्धृत गर्दै वास्तविक युद्धजस्तो तर प्रशान्त क्षेत्रमा गरिने भनिएको कारबाहीको पहिलो कदमका रूपमा यो परीक्षण भएको बताएको छ । केसीएनएले किमले सो क्षेत्रमा अरू धेरै मिसाइल परीक्षण गर्न निर्देशन दिएको उल्लेख गरेको छ । उत्तर कोरियाको यो कदमलाई अमेरिकी द्वीप गुआममाथिको सम्भावित हमलाको संकेतका रूपमा लिइएको छ । गुआम अमेरिकाको मुख्य सैन्य अखडा रहेको द्वीप हो । यहाँ १ लाख ६३ हजार अमेरिकी जनसंख्या रहेको छ । सो द्विपमा अमेरिकाका करिब ७ हजार सैनिक रहेका छन् ।

उत्तर कोरियाको यो मिसाइल जापानको होक्काइदोको एरिमोमिसाकीमाथिबाट समुद्रमा गएको थियो । यस क्रममा मानिसहरू भागेर लुकेका थिए । कोरियाले जापानको पूर्वी तटतर्फ प्रहार गरेको यो पहिलो मिसाइल हो, जुन परमाणु हतियार लिएर जान सक्षम छ । उत्तर कोरियाका गतिविधि नियालिरहेका विशेषज्ञले यसलाई अहिलेसम्मको सबैभन्दा उत्तेजक कारबाही हुनसक्ने टिप्पणी गरेका छन् ।

केही विशेषज्ञले उत्तर कोरियाले जापानी क्षेत्र नजिकबाट रकेट प्रक्षेपण गर्दा सामान्य रूपमा लिए पनि यो घटनालाई अलिक गम्भीर रूपमा हेरेका छन् । विशेषज्ञले यो ह्वासाँग-१२ मिसाइल भएको र यसबाट ठूलो परमाणुलाई मध्यम दुरीसम्म लैजानका लागि डिजाइन गरिएको हो ।

हावर्ड केनेडी स्कुलका डा. जोन पार्कले भने, 'यो धेरै उत्तेजक र अन्तर्राष्ट्रिय कानुनअनुसार पनि प्रतिबन्धित कार्य हो ।' संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्ले कुनै प्रकारको परमाणु हतियार र मिसाइल विकसित गरेको भन्दै उत्तर कोरियामाथि प्रतिबन्ध लगाउँदै आएको छ । पूर्वी एसियामा अमेरिकाका पूर्वराजदूत क्रिस्टोफर आर हिल र उत्तर कोरियाका पूर्वअमेरिकी वार्ताकारले ट्वीटमार्फत् यसलाई उत्तर कोरियाको अहिलेसम्मको सबैभन्दा गम्भीर प्रकृतिको मिसाइल परीक्षणभएको बताएका छन् ।कूटनीतिज्ञ अंकित पान्डाले यसप्रति सहमति जनाउँदै लेखेका छन्, 'मंगलबारको यो परीक्षण सम्भवतः अहिलेसम्मकोसबैभन्दा उत्तेजक ब्यालिस्टिक मिसाइल प्रक्षेपण हो, जुन उत्तर कोरियाले तीन दशकका दौरान परीक्षण गरेको छ ।'

यो मध्यम दूरीको मिसाइल हो, जसको उत्तर कोरियाले पछिल्ला केही साताका दौरान परीक्षण गरेको छ । मिसाइल केबल ५ सय ५० किलोमिटरको उचाइसम्म पुग्यो, जुन पछिल्लो परीक्षणको तुलनामा धेरै कम हो । विशेषज्ञले यो कहाँबाट परीक्षण गरिएको थियो भन्नेमा निर्भर गर्ने बताएका छन् ।

सुनान लन्च साइटको प्रयोग पहिलो पटक गरिएको वा उत्तर कोरियाले आफ्नो परीक्षण स्थलको संख्या बढाइरहेको पनि हुनसक्छ । परीक्षण स्थल पत्ता लाग्ने भएका कारण उसले नयाँ स्थानको प्रयोग गरेको पनि हुनसक्छ ।

यो सबै घटनाक्रमअनुसार उत्तर कोरियाले पछिल्लो समयमा आफ्नो परमाणु कार्यक्रमलाई जुन गतिमा अघि बढाएको छ, यो धेरै खतरनाक भएको विशेषज्ञको दाबी छ । जोन पार्क भन्छन्, 'उत्तर कोरियाले मध्यम दूरी या अन्तरमहादेशीय क्षेप्यास्त्र चार देखि ६ सातामा परीक्षण गरिरहेको छ । यो आश्चर्यको कुरा हो । खासगरी परमाणु क्षमता कम रहेको आँकलन गरिएका देशका लागि झनै अचम्मलाग्दो छ ।'

विशेषज्ञले मंगलाबारको यो परीक्षणले उत्तर कोरियाको परमाणु क्षमताबारे धेरै कुराको स्पष्ट संकेत दिएको बताएका छन् । कार्नेगी एन्डोमेन्ट अफ इन्टरनेसनल पिसका डग पलले भने, 'उसले कसैको बिनादबाब आफ्नो मिसाइल र परमाणु कार्यक्रम अघि बढिरहेको देखाउन चाहन्छ ।'

दक्षिण कोरियाको पुसाल नेसनल युनिभर्सिटीका राजनीति शास्त्रका प्राध्यापक रोबर्ट केली भन्छन्, 'तर उत्तर कोरियाले यो महिनाको सुरुवातमा धम्की दिएको जस्तो अमेरिकी द्वीप गुआमतर्फ नभई जापानी भूभागमाथिबाट क्षेप्यास्त्र पठाएको छ । यदि उत्तर कोरियाले गुआमतर्फ यो परीक्षण गरेको भए अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आफ्नो जवाफका लागि दबाब बन्ने थियो ।' कतिपय विशेषज्ञले भने कूटनीतिक र चीनमाथि उसको सहयोगीविरुद्ध कारबाही गर्नेमा गरिएको विश्वासले काम नगरेको भन्दै सैन्य प्रतिक्रिया एक मात्र तरिका भएको बताएका छन् ।एक कोरियाली पत्रिकाले भने अमेरिकी राष्ट्रपति कार्यालयका एक अधिकारीको हवाला दिँदै उत्तर कोरियालाई तह लगाउँन दक्षिण कोरियासँग मिलेर योजना बनाइरहेको उल्लेख गरेको छ ।

उत्तर कोरियाले जापानी सामुद्रिक क्षेत्र हुँदै मंगलबार बिहानै ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रतिक्रिया दिँदै अब 'सबै विकल्प खुला' रहेको बताएका छन् ।

तर्साउने र अस्थिरता निम्त्याउने कार्यले उत्तर कोरियाली सरकार यस क्षेत्र र समग्र विश्व समुदायबाट एक्लिने गतिविधि बाहेक अरू केही नभएको ह्वाइट हाउसले जारी गरेको वक्तव्यमा भनिएको छ । वक्तव्यमा भनिएको छ, 'अन्य मुलुकलाई तर्साउने र अस्थिरता निम्त्याउने कार्यले उत्तर कोरियाली सरकार विश्व समुदायबाट एक्लिने गतिविधि देखिएको छ ।' यससँगै उत्तर कोरियाविरुद्ध सबै विकल्प खुला रहेको ट्रम्पको भनाइ आएको हो ।

यसैबीच राष्ट्रसंघका लागि उत्तर कोरियाली राजदूत हान ताई सोङले प्योङयाङको जापानी आकाशको बाटो समुद्रमा गरिएको क्षेप्यास्त्र प्रक्षेपण कोरियाली प्रायद्वीपमा अमेरिकी हस्तक्षेप विरुद्धको कडा प्रतिकारको उपाय भएको बताएका छन् ।

राष्ट्रसंघको निशस्त्रीकरण सम्बन्धी जेनेभा भेलालाई सम्बोधन गर्दै ताई सोङले भने, 'पटक पटकका चेतावनीपछि पनि अहिले अमेरिकाले दक्षिण कोरियाली भूमिमा सैनिक अभ्यास गरी खुला रूपमा उत्तर कोरियामाथि शत्रुवत् व्यवहार देखाएको छ । यसप्रति प्रतिक्रिया दिनु मेरो देशको कर्तव्य हुन्छ ।'

*एजेन्सीहरुबाट*

## रोचक संसार

### मन्त्रीलाई आची

आन्दोलनका अनेकन रुप हुँदा रहेछन् । न्युजिल्याण्डका वातावरण अधिकारकर्मीले सरकारको पानीसम्बन्धी नीतिको विरोधमा निकै अनौठो उपाय अबलम्बन गरेका छन् ।

क्राइस्टचर्चस्थित काउन्सिल कार्यालय बाहिर वातावरण मन्त्रीको भीमकाय मूर्ति खडा गरिएको छ । मन्त्रीको मूर्ति घोडाको लादीबाट बनाइएको छ । अर्को रोचक कुरा त के भने कलाकारले मन्त्रीलाई आची गराइदिएका छन् । अर्थात् मूर्तिका ती वातावरण मन्त्रीको सुरुवाल तल झरेको छ । उनको नितम्ब, मलद्वार तथा यौनांग पछाडिबाट देखिन्छ । अनि मन्त्रीले पानीको भाँडोमा आची गरिरहेका छन् ।

कलाकार निक स्मिथले सरकारको पानी गुणस्तर नीतिको विरोधमा मन्त्रीलाई पानीमा आची गराएका हुन् । सरकारको पछिल्लो पानी गुणस्तर नीतिले पानी प्रदूषणलाई खुकुलो बनाएको र यसले जलाशयहरुलाई झनै प्रदुषित बनाउने भन्दै जलअधिकारकर्मीहरु आन्दोलनमा उत्रिँदै आएका छन् ।

इन्भारोमेन्ट क्यान्टरबरीमा उक्त मूर्ति लगेर प्रदर्शन गर्ने योजना रहेको भए पनि अदालतको आदेशका कारण त्यो रोकियो र नजिकैको सार्वजनिक स्थापना मूर्ति स्थापना गरियो । सडकमा राखिएको मन्त्रीको नांगो नितम्ब सरकारी भवनतर्फ फर्काइएको थियो ।

वातावरणमन्त्री निक स्मिथले यस्तो कच्चा कलाकारिताबाट आफू आक्रोसित नभएको भन्दै यस्तो आलोचना सहने बानी आफूलाई परिसकेको बताएका छन् ।

### रोबोट नचाएर किर्तिमान



चीनको एक रोबोटिक्स कम्पनीले गिनिज बुकमा नाम लेखाएको छ । उक्त कम्पनीले रोबोटको सैन्य टुकडी निर्माण गरेको हो ।पिपुल्स डेली चाइनका अनुसार डब्लु एल इन्टेलिजेन्स टेक्नोलोजी नामक कम्पनीले १ हजार ६९ वटा रोबोट सेना बनाएको छ ।

यी रोबोट सेना एकसाथ नाच्दछन्, मार्चपास गर्दछन् । साथै चिनियाँ मार्सल आर्टस् ताइ ची पनि गर्दछन् । कम्पनीका अनुसार मानव सेनाले गर्ने हरेक काम यी रोबोट सेनाले गर्न सक्दछन् ।

कम्पनीको तर्फबाट आयोजना गरिएको एक समारोहमा यी रोबोटहरुले एकसाथ नाच देखाए र कीर्तिमान कायम गरे । नाच्ने क्रममा बिचमा ढल्ने रोबोटलाई असक्षम घोषित गरी बाहिर निकालिएको थियो । स्मरण रहोस् गत वर्ष चीनको एवर विनले एकसाथ १ हजार ७ वटा रोबोटलार्य नचाएर विश्व किर्तिमान कायम गरेको थियो ।

### पहिलो बियर स्विमिङ पुल

चिसो मौसम सुरु हुनेवाला छ । चाडपर्वको बेला आउँदैछ । यस्तोमा यदि तपाईंले विदेश घुम्नजाने कुनै योजना बनाउँदै हुनुहुन्छ भने अष्ट्रियाको टिकट काट्न नभुल्नुहोला ।

युरोपेली देश अष्ट्रियाको टारेन्जमा एउटा अनौठो स्विमिङ पुल सञ्चालनमा आएको छ । यो विश्वकै पहिलो बियर भरिएको स्विमिङ पुल हो । रक्सी उत्पादक कम्पनी स्टार्कनबर्गरले एक पूरानो महलमा यस्ता सातवटा स्विमिङ पुल तयार गरेको छ । जो बियरले भरिभराउ छन् । हरेक ींस्विमङ पुलको लम्बाई झण्डै १३ फुट छ ।



स्विमिङ पुलको गहिराई यत्ति कायम गरिएको छ कि तपाई बसेर रिल्याक्स गर्न प्नि सक्नुहुन्छ र डुबुल्की मार्न पनि सक्नुहुन्छ । अष्ट्रियाको चिसो मौसमलाई ख्याल गर्दै स्विमिङ पुलमा तातो बियर हालिन्छ । साथै थोरै पानी पनि मिसाइन्छ । स्विमिङ पुलको बियर पानीजस्तै छिटो-छिटो बदल्ने कुरा भएन । त्यसैले स्विमिङ पुलमा पौडी खेलिरहँदा त्यहाँको बियर नपिउन सल्लाह दिइन्छ । बियर पिउने इच्छा छ भने अर्डर गरिहाल्नुहोला, तपाईंलाई चिसो बियर सर्भ गरिन्छ ।

### धनीहरूले दिने उपहार

मुगल सम्राटले आफ्नी प्रेमिकालाई ताजमहल उपहारमा दिए । भारतका धनाढ्य मुकेश अम्बानीले हेलिकप्टर उपहार दिए । यस्तो उपहार दिनेमा इतिहासदेखि अहिलेसम्म मान्छेहरुको कमी छैन । जानौं दुनियामा महंगो उपहार दिनेहरुको बारेमा ।

**१५ करोडको कुकुर**

हरेक बच्चालाई घरमा राम्रो नश्लको कुकुर बिरालो होस् भन्ने चाहना हुन्छ । तर सबै बच्चाका बाउ क्रिस ब्राउन जस्ता धनी हुने कुरा भएन । क्रिस ब्राउन ती धनाढ्य हुन् जसले आफ्नी छोरीलाई झण्डै १५ करोड रुपैयाँ पर्ने तिब्बती मेस्टिफ नश्लको कुकुरको छाउरा उपहार दिए ।

**१० लाख रुपैयाँको चट्टान**

केवल हिरा, मोति, महल तथा शानदार गाडीहरु मात्र होइन । सर सेसिल चब नामक व्यक्तिले त आफ्नी श्रीमतीलाई प्रेममा उपहारको रुपमा प्रागऐतिहासिक पत्थरको स्मारक दिएका थिए । सन् १९१५ मा लिलामीमा बिक्रि भएको पत्थरको स्मारक उनले झण्डै १० हजार डलरमा खरीद गरेर आफ्नी पत्नीलाई दिएका थिए । उक्त स्मारक अहिले युनेस्कोको विश्व सम्पदा सूचिमा परिसकेको छ ।

**रंगशाला**

सन् १९८१ मा जब अबुधाबीका शेख मोहम्मदको विवाह शाहजादी सलमासँग भयो तब शेखका पिताले पाहुनाहरुलाई स्वागतका लागि १ करोड ५ लाख डलर खर्चिएर २० हजार मानिस अट्नसक्ने एक रंगशाला खरीद गरे । विवाह पछि उनले उक्त रंगशाला आफ्नो छोरालाई उपहारमा दिए ।

**२० करोडको बरफ**

चर्चित हलिउड फिल्म निर्माता एरोन स्पेलिंग्सले आफ्ना बच्चालाई ह्वाइट क्रिसमसको अनुभव गराउनका लागि एकचोटी २० लाख डलरको बरफ खरीद गरी आफ्नो लस एन्जल्सस्थित घरमा सजाएका थिए ।

**रानीको हार**

रिचर्ड बर्टनले आफ्नी पत्नी एलिजाबेथ टेलरका लागि जे कुरा उपहारमा दिए त्यो चर्चाको विषय बन्यो । त्यसमध्ये एउटा थियो रानी मेरी प्रथमको अमूल्य हार । जसमा विश्वको सबैभन्दा महंगो मोती ला पेलेग्रीना जडित थियो । सन् १९६९ मा ३७ हजार डलरमा खरीद गरी उनले आफ्नी पत्नीलाई त्यो रानीको हार उपहारमा दिएका थिए ।

**ताडको रुख**

बलिउड अभिनेत्री एन्जेलिना जोली र उनका प्रेमी ब्राड पिटबीच अहिले सम्बन्ध टुटेको छ । तर तिनै जोलीले सन् २००८ मा आफ्ना प्रेमी ब्राड पिटलाई २ सय वर्ष पूरानो ताडको रुख उपहार दिएकी थिइन् उक्त रुखको मूल्य झण्डै १९ लाख रुपैयाँ पर्दथ्यो ।

**झरना**

उनै जोलीले सन् २०१२ मा एउटा झरना खरीद गरी ब्राड पिटलाई उपहार दिइन् । उक्त झरनाको मूल्य १६ करोड रुपैयाँ थियो ।

**हेलिकप्टर**

एन्जेलिना जोली यत्तिमा रोकिनेवाला थिइनन् । सन् २०१२ मै उनले १६ करोड डलरको हेलिकप्टर खरीद गरी प्रेमी ब्राट पिटलाई उपहार दिइन् ।

**कोहिनूर**

विश्वको सबैभन्दा महंगो १ सय ५ क्यारेटको हिरा कोहिनूर अहिले बेलायतको संग्राहलयमा छ । उक्त हिरा सन् १९५० मा लाहोरका महाराजा दलीप सिंहले बेलायती महारानीलाई उपहारमा दिएका थिए ।

**साढे १० अर्ब रुपैयााको मूर्ति**

वाकिङ म्यान अर्थात् हिँडिरहेको मूर्ति अल्बर्टो जिकोमेट्टीले बनाएका थिए । त्यो उक्त समयको सबैभन्दा मूल्यवान मूर्ति थियो । रसियन टाइकून रोमन अब्रामोविचले यस मूर्तिलाई १० करोड ४३ लाख डलरमा खरीद गरी आफ्नी श्रीमतीलाई उपहार दिए ।

### गोलभेंडा युद्ध

स्पेनमा वार्षिक गोलभेंडा युद्ध पर्व सम्पन्न भएको छ । भ्यालेन्सियाभन्दा २५ माइल पश्चिममा रहेको बुनोल सहरमा हरेक वर्ष अगष्ट महिनाको अन्तिम बुधबार ला टोम्याटिना नामक गोलभेंडा युद्ध पर्व मनाइन्छ । यो पटकको गोलभेंडा युद्ध पर्व चाहिँ विशेष रह्यो ।


किनकि यो गोलभेंडा लडाइँ पर्वले यसपटक विश्वकीर्तिमान कायम गरेको छ, विश्वको सबैभन्दा ठूलो खानेकुरा लडाइँ खेलको रुपमा । पर्वमा १ सय ६५ टन पाकेका गोलभेंडा एक आपसमा फ्याँकिएको छ । झण्डै २२ हजार मानिस गोलभेंडा युद्धमा सहभागी भएका छन् । जसमध्ये १७ हजार त पर्यटक नै थिए ।

गोलभेंडा युद्धका लागि भनेर सहरमा ६ वटा ठूला ट्रकमा ३६ हजार युरोका गोलभेंडा खरिद गरिएको थियो ।

*एजेन्सीहरुबाट*

प्रेरक

## माटोको प्रेरणाले सहादत



भारतमा स्वतन्त्रता संग्रामको आगो दन्किरहेको थियो । जलियनवाला बागमा जनरल डायरले हजारौं निर्दोष भारतीयमाथि गोली बर्साएका थिए । निर्दोष सर्वसाधारणको रगतले धरती पूरै लतपतिएको थियो । त्यो संग्रामलाई एक बालकले नजिकबाट नियालिरहेका थिए । उनी अंग्रेजको कुनै पनि अत्याचार सहन सक्दैनथे, हरहमेसा स्वतन्त्रताका बारेमा सोचिरहेका हुन्थे ।

जलियनवाला बागमा नरसंहार भएको अर्को दिन भगत सिंह घरबाट स्कुल हिंडे तर गएनन् । उनी सिधै जलियनवाला बागमा पुगे । सहिदको रगतले रातै शव देखेपछि भगत सिंह थचक्क बसे । एकै छिनमा एउटा सिसीमा रगतले लतपतिएको माटो भर्न थाले । त्यो सिसी गोजीमा राखेपछि उनी घन्टौं त्यहाँ बसेर के के सोचिरहे । जब ध्यान भंग भयो साँझ परिसकेको थियो । स्कुल छुट्टी भइसकेको थियो । घर ढिला पुगेपछि दिदीले सोधिन्– बाबु तिमी किन यति ढिला घर आएको ? उनले आफू स्कुल नै नगएको बताए । म त जलियनवाला बागमा गएको थिएँ भन्दै त्यो सिसी दिदीलाई देखाए ।

सिसी देखेपछि दिदीले प्रश्न गरिन्– त्यो सिसीमा के छ बाबु, रातो रातो देखिन्छ । यो देशका सहिदको रगतले भिजेको माटो हो दिदी । यो किन ल्याएको त ? यसले के हुन्छ ? दिदीले प्रश्न गरिन् । दिदी यसबाट मलाई देशका लागि लड्ने प्रेरणा मिल्छ । अन्ततः त्यही प्रेरणाको परिणामस्वरूप उनी हाँसी हाँसी मातृभूमिका लागि सहिद भएका थिए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

पछिका लागि केही वस्तु त्याग्नुपर्ला । लाभको अवसर मिले पनि तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ। मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्, सजग रहनुहोला । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । प्रयत्न गर्दा पछि फाइदा हुने काम प्रारम्भ हुनेछ । शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ ।

### बृष

कामको सन्दर्भमा केही वादविवाद हुन सक्छ । तत्काल धेरै फाइदा नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला । कमजोरी बाहिर आउनाले नोकरी तथा राजनीतिमा समस्या पर्न सक्छ । अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्‍याउनु पर्ला । समुदायको हकहित हुने काम सम्पादन गर्न सकिनेछ । लगनशीलताले नाम र दाम दिलाउन सक्छ ।

### मिथुन

मेहनत गर्दा राम्रै फाइदा हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ। तर काममा व्यवधान समेत उत्तिकै देखापर्नेछन्। स्वास्थ्यका लागि खानपानमा ध्यान पुर्‍यउनुहोला । शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । प्रयत्न गर्दा पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ ।

### कर्कट

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला । आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ। लेनदेनको विवादले अप्ठ्यारो पर्न सक्छ। काम बिग्रने भयले सताउनेछ । परिस्थितिले चुनौतीहरूसँग सम्झौता गराउन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । सानो कमजोरीले सुनिश्चित प्रतिफलसमेत हात पार्न नसकिएला ।

### सिंह

हतारको निर्णयले समस्या निम्त्याउन सक्छ । बेसुरमा काम गर्ने बानीले अप्ठ्यारोमा परिनेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला । धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । परिवारजनको साथले नयाँ आशा जगाउँनेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ ।

### कन्या

स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। तर, काममा बाधा पुर्‍याउनेहरू प्रशस्तै हुनेछन् । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । ठगीमा परिने योग भएकाले होसियार रहनुहोला । वैधानिक प्रावधानले पनि काम रोकिन सक्छ । फाइदाका लागि गोपनीयतामा ध्यान पुर्‍याउनुहोला ।

### तुला

मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । आँटेको काम सम्पादन हुनेछ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । पढाइलेखाइमा प्रगति हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम प्रारम्भ होला । दिन उत्साहपूर्ण रहला । अप्रिय समाचारले मन खिन्न बनाउन सक्छ । पशुपालन तथा कृषि क्षेत्रबाट सामान्य लाभ मिल्नेछ । सन्तान वा अनुयायीले प्रसन्नता दिलाउनेछन् ।

### वृश्चिक

केही अवसर प्राप्त भए पनि इर्ष्यालु मन भएकाहरूले सताउन सक्छन् । चिताएको काम समयमा सम्पादन नहोला । साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ । अरूको फाइदाका लागि उपयोग भइएला । बेसुरमा दिएको वचनले आफैँलाई अप्ठ्यारो पर्न सक्छ । महत्वाकांक्षी योजना गोप्य राख्नुहोला ।

### धनु

हिम्मतले काम लिँदा फाइदा हुनेछ । लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । तर, समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । सहयोगीहरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ । पुरानो समस्याले बल्झिन सक्छ । फजुल खर्च बढ्नेछ । काममा चुनौती देखिएलान् । कृषिमा कामको चाप बढ्न सक्छ । तापनि, आंशिक लाभ भने मिल्नेछ ।

### मकर

मान-सम्मान पाइने समय छ । बोलीको भरमा चिताएको काम बन्नेछ । विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले काममा साथ दिनेछन् । राम्रै फाइदाको योग छ । विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ । रोकिएका काम सम्पादन हुनेछन् । पठन-पाठनमा प्रगति हुनेछ । विशेष समारोहमा सहभागी बन्ने मौका मिल्न सक्छ ।

### कुम्भ

प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ ।

### मीन

समयमा होसियार बन्न नसक्दा खर्च बढ्ने देखिन्छ । श्रमअनुसार फाइदा कमै होला । ठूलो प्रयत्न गर्दा पनि उपलब्धि उठाउन मुस्किल पर्नेछ । परिवारजनबाट टाढिनुपर्ला । आफ्नै कमजोरीले विवादमा परिएला । सद्विचारले अभिप्रेरित हुनेहरूलाई भने फाइदै हुनेछ । समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू फेला पर्नेछन् । लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ ।

## कक्षा ९ मा पढ्दै छिन् करिष्मा



काठमाडौं । औपचारिक अध्ययनको धोको पूरा गर्न नायिका करिष्मा मानन्धर कक्षा ९ मा पढ्दै छिन् । कक्षा ७ मा पढ्दै गर्दा अभिनयमा प्रवेश गरेकी करिष्माले फिल्मी दुनियाँमा सक्रिय भएपछि औपचारिक अध्ययनलाई बिचमै छाडेकी थिइन् । त्यसयता उनले विद्यालय शिक्षा पूरा गर्न सकिनन् र निरन्तर अभिनयमै रमाइन् । फिल्म निर्माणमा घाटा खाएपछि अमेरिका भासिएकी करिश्मा नेपाल आएपछि पुनः अभिनय र पछिल्लो समय नयाँ शक्तिको राजनीतिमा पनि सक्रिय छिन् । तर, यतिबेला उनलाई विद्यालय शिक्षा पूरा गर्न नपाएकोमा थकथकी लागेको छ र पुनः स्कुल भर्ना भएकी छिन् । विद्यालयबाट बाहिरिएको झण्डै तीस वर्षपछि उनी यतिबेला फेरि स्कुल जान जान थालेकी छिन् ।

गत वर्ष ग्यालेक्सी पब्लिक स्कुलवाट आठ कक्षा उत्तीर्ण गरेकी उनले यस वर्ष मैतीदेवीस्थित त्रिवेणी पब्लिक स्कुलमा कक्षा ९ मा भर्ना भएकी छिन् । सोमबार आयोजित नयाँ शक्तिको एक कार्यक्रममा उनले आफूले कक्षा ९ मा पढ्दै गरेको खुलासा गरेकी हुन् । ०४२ सालमा चलचित्र 'सन्तान' बाट नायिकाको रुपमा डेब्यु गरेकी करिष्मा नेपालकी चर्चित नायिकाको रुपमा चिनिन्छन् ।

## हाँस्य सिरियलहरु प्रसारणको तयारीमा



नेपालमा फेरि विस्तारै सिरियल क्रेज फर्किन थालेको छ । नेपाली टेलिभिजनमा सर्वाधिक सफल मानिएका सिरियलहरु बन्द भएपछि दर्शकले राम्रो सिरियल हेर्न पाएका थिएनन् । तर, अब भने केही चर्चित सिरियलहरु प्रशारण हुने भएका छन् ।

१० बर्षपछि कलाकार सरिता लामिछानेले ' परिचय' सिरियल लिएर फर्किएकी छिन् । २ बर्ष अगाडि बन्द भएको हाँस्य सिरियल 'जीरे खुर्सानी' पनि फेरि प्रशारण हुने भएको छ । कलाकार जीतु नेपालको निर्देशनमा यो सिरियल बिहिबार बेलुकी पौने ९ बजेबाट नेपाल टेलिभिजनमा प्रशारण हुनेछ । यो समयमा पहिले 'तीतो सत्य' प्रशारण हुन्थ्यो । निर्देशक तथा कलाकार जीतु नेपालले यो सिरियलमा सरिता गुरुङ, राजाराम पौडेल, देविराम पराजुली, शिवहरि बैरागी लगायतका कलाकारको अभिनय रहने बताए । देशको समसामयिक बिषयमा नै सिरियल तयार हुने जीतुले बताए । जीतुले अब भने आफूले 'जिरे खुर्सानी' इन्डिङको बाटोमा लैजाने बताए ।


## कसले मार्ला बाजी





यस वर्षको सबैभन्दा ठूलो भिडन्त असोज ११ गते हुने पक्का भएको छ । वर्षका दुई प्रतिक्षीत फिल्म एकै मितिमा जुध्ने भएपछि अहिले सबैको ध्यान फिल्म 'छक्का पन्जा २' र 'मंगलम' तर्फ मोडिएको छ । असोज ११ गतेलाई सबैभन्दा अगाडि फिल्म 'मंगलम'ले रिलिज घोषणा गरेको थियो तर गएको वर्ष प्रदर्शनमा आएको सुपरहिट फिल्म 'छक्का पन्जा' को नेम सिक्वेल 'छक्का पन्जा २' ले पनि यही मिति ताक्यो । 'छक्का पन्जा २' ले असोज ११ रोजेपछि 'मंगलम' केही साता पछाडि सर्ने चर्चा पनि राम्रै चलेको थियो । तर, अब 'मंगलम' पनि असोज ११ गतेबाटै देशव्यापी प्रदर्शनमा आउने भएको छ । सोमवार मात्र फिल्म वितरक गोपालकाजी कायस्थ र निर्माता छविराज ओझा बीचमा 'मंगलम' असोज ११ गतेबाट प्रदर्शनमा ल्याउने सम्झौता भएको छ । यसअघि यो फिल्म एफडी कम्पनीले वितरण गर्ने फाइनल भएको थियो । छविराज ओझा आफ्नो प्रत्येक फिल्मको प्रचार ३ महिना अगाडि गीत सार्वजनिक गरेर सुरु गर्ने गर्छन् । तर, 'मंगलम' भने अब रिलिज हुन २० दिन पनि बाँकी छैन् । छविराज ओझाका अनुसार, भोलीबाट फिल्मको ट्रेलर र गीत सार्वजनिक गर्ने काम सुरु हुनेछ । शिल्पा पोखरेल कार्यकारी निर्माता रहेको फिल्ममा शिल्पा, पृथ्वीराज प्रसाई, पुष्प खड्का लगायतका कलाकारहरुको मुख्य भूमिका छ । फिल्मलाई नवल नेपालले निर्देशन गरेका हुन् ।

## 'महको म' सार्वजनिक




हरिवंश आचार्यपछि अब मदनकृष्ण श्रेष्ठको किताब सार्वजनिक भएको छ । मह जोडिको रुपमा परिचित हरिवंश र मदकृष्ण अब दुबै लेखनीमा आएका हुन् । हरिवंश आचार्यको चिना हराएको मान्छे र 'हरिबहादुर' पछि अब मदनकृष्ण श्रेष्ठको 'महको म' सार्वजनिक भएको हो ।

जन्मेको ६ महिनामै आमा गुमाएका मदनले किताबमा आफू क-कस्को काखमा हुर्किएँ भन्ने कुराहरु पनि समेटेका छन् । कितवामा मदनको स्कुल जीवन, कलेज जीवन र प्रेम जीवनलाई पढ्न पाइने छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Extenuate = कमजोर पार्नु वा कम गर्दै लग्नु Everyone should try to extenuate one's shortcomings rather than criticizing other's (हरेकले अरुको कमजोरीको खिल्ली उडाउनुभन्दा आफ्नै कमजोरीलाई कम गर्दै लग्ने कोसिस गर्नुपर्दछ)

Frenzied= अति नै उत्तेजित Even the armed police could not control the frenzied crowds (शसस्त्र प्रहरीले समेत अति नै उत्तेजित भीडलाई नियन्त्रणमा लिन सकेन)

Gouge = कोतरेर, कोपरेर वा प्वाल पारेर नास गर्नु Only a mad can gouge such a priceless painting (यस्तो अमूल्य कलालाई प्वाल पारी नास गर्ने काम खाली पागलले मात्र गर्न सक्छ)

Heresy = जनसाधारणको विश्वास विपरीतको विचार Gaillileo was tried for the heresy that earth moves around the sun (जनसाधारणको सूर्यले पृथ्वीलाई घुम्छ भन्ने विश्वास विपरीत ग्यालिलियोले पृथ्वीले सूर्यलाई घुम्छ भन्ने विचार राखेकोमा उनलाई मुद्दा चलाइयो)

Heinous = पाशविक, क्रुर Hitler is regarded in the history as the one committing heinous crime (हिटलरलाई इतिहासमा पाशविक अपराध गर्ने व्यक्तिको रुपमा लिइन्छ)

Intransigence = सम्झौतामा नआउने The government had not expected intransigence from the striking workers (हडताल गरिरहेका मजदुरहरू सम्झौतामा नआउलान् भनेर सरकारले आशा गरेको थिएन)

Litigation = झगडा, मुद्दा Every litigation should be settled amicably (हरेक झगडाको समाधान शान्तिपूर्वक गरिनुपर्दछ)

Moribund = मर्न लागेको, बन्द हुन लागेको The new management team transformed a moribund airline into profitable one (नयाँ व्यवस्थापनले बन्द हुन लागेको वायुसेवालाई पुनः नाफाको स्थितिमा ल्याइदियो)

Nauseate = बिरामी पारिदिने The foul smells began to nauseate the people living around (दुर्गन्धले वरिपरिको मानिसलाई बिरामी बनाउन थाल्यो)

Opaque = घाम नछिर्ने The opaque window has made the room dark (घाम नछिर्ने झ्यालले कोठालाई अँध्यारो बनाएको छ )

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

माटाको भाँडोलाई के भनिन्छ ?
- सेरामिक

हानिकारक कीराहरू नष्ट पार्ने कमिलाको नाम के हो ?
- फार्मिका रूफा

चीनमा सन् १९८७ मा १४ वर्ष मुनिका केटाकेटीको संख्या कति थियो ?
- ३०७१५०००० 

अमेरिकी इतिहासमा सबभन्दा बढी मात्रामा पक्राउ गरेको कोकिन कति टन थियो ?
- करिब ४ टन

जापानको सबभन्दा बढी लागतमा बनाइएको चलचित्र कुन हो ?
- डुनहुआङ

एक सय सोह्र पटक रक्तदान गर्ने व्यक्ति को हुन् र कुन देशका हुन् ?
- हसन खाँ, पाकिस्तान

नेपालबाट जर्मन पठाइएको गैंडाको बच्चाको नाम के थियो ?
- पुन्टी

म्यानमारको मुद्रालाई के भनिन्छ ?
- क्याट

कुन देशले मस्तिष्कको तापक्रम नियन्त्रण गर्नका लागि यन्त्रको विकास गरेको छ ?
- चीन

आफू अन्धो भएर पनि विश्वप्रसिद्ध महाकाव्य 'प्याराडाइज लस्ट' को रचना गर्ने महाकवि को हुन् ?
- मिल्टन

ब्यारेल के नाप्ने इकाइ हो ?
- तरल पदार्थ

बेसबल खेलमा राम्रो खेल्ने देश कुन हो ?
- अमेरिका

अपरेसन ब्रास टेक्स भनेको के हो ?
- भारतीय सेनाको युद्धाभ्यास

सीबी रमनले नोबेल पुरस्कार कहिले पाउनुभयो ?
- सन् १९६०

## फरक थाहा पाई राख्नुहोस्

Timber = काठ The timber is used to make furniture फर्निचर बनाउन काठको प्रयोग हुन्छ

Timbre = कुनै संगीतको साधन बज्दा निस्केको आवाज The timbre of this harmonium is not that much melodius यो हार्मोयिनमबाट निस्केको आवाज त्यति मिठो छैन

Tortuous = घुमाउरो Tribhuvan Highway is very much tortuous त्रिभुवन राजपथ ज्यादै घुमाउरो छ ।

Torturous= यातनापूर्ण The punishment given to them was torturous तिनीहरूलाई दिएको दण्ड यातनापूर्ण थियो ।

Transient = छोटो समयको We are the transient guests of this hotel (हामी यो होटलको छोटो समयको पाहुना हौं )

Transitory = क्षणिक Going to party is only a transitory pleasure (भोजभतेरमा जानु भनेको क्षणिक मजाको लागि हो )

Trace = कुनै वस्तु वा मान्छेले छाडेर गएको चिन्ह, गन्ध वा अनुभूति There was still the trace of perfume in the room कोठामा अत्तरको गन्ध अझै बाँकी थियो)

Vestige = कुनै बेला अस्तित्वमा भएको वस्तुको बाँकी अंश The vestige of ancient animal like dinosaur has helped trace the history of animal डाइनोसरको अस्थिपंजरहरूले जनावरको इतिहास लेख्न मद्दत गरेको छ)

Treachery = धोकापूर्ण, कपटपूर्ण Betraying a simple person like him was an act of treachery ऊ जस्तो सोझो मानिसलाई धोका दिनु कपटपूर्ण छ ।

Treason= सपथ गरेअनुसार कार्य नगर्नु, आफ्नै देश र जनताको विरुद्ध लाग्नु For their treason, they were expelled from own country तिनीहरूले गरेको राष्ट्रघातको कारण तिनीहरूलाई देश निकाला गरियो ।

## सुडोकु-अंक ६९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | १ | | | | | | | |
| | ९ | | १ | ५ | | | ४ | |
| ८ | | | | ४ | | | १ | ५ |
| | | ८ | ५ | ३ | | | | २ |
| | | | ८ | | ७ | | | |
| ३ | | | | ९ | ६ | ८ | | |
| ७ | ४ | | | ८ | | | | १ |
| | ५ | | | १ | ९ | | ८ | |
| | | | | | | | ९ | ३ |

## अंक ६८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २ | ८ | ६ | ५ | १ | ७ | ९ | ४ |
| ५ | ९ | ६ | ८ | ७ | ४ | ३ | १ | २ |
| १ | ७ | ४ | २ | ३ | ९ | ६ | ५ | ८ |
| ९ | ४ | २ | ३ | ६ | ७ | १ | ८ | ५ |
| ६ | ५ | ३ | ९ | १ | ८ | ४ | २ | ७ |
| ७ | ८ | १ | ५ | ४ | २ | ९ | ६ | ३ |
| ८ | १ | ५ | ७ | ९ | ३ | २ | ४ | ६ |
| ४ | ६ | ७ | १ | २ | ५ | ८ | ३ | ९ |
| २ | ३ | ९ | ४ | ८ | ६ | ५ | ७ | १ |

# बाल विकास समाजका सामाजिक कार्यक्रम



त्रिपाल वितरण गर्दै संस्थाका कोषाध्यक्ष तथा सदस्य



अभिमुखीकरण कार्यक्रमको सहजिकरण गर्दै प्रशिक्षक



सामुहिक तस्विरमा सहभागीहरू




शंखमुलस्थित कोचिङ कक्षामा बालबालिका अध्ययन गर्दै



इमुखेलस्थित चिल्ड्रेन पार्कमा कलर गर्दै पार्क संरक्षण समितिका पदाधिकारी



चिल्ड्रेन पार्कको लागि बाल विकास समाजले उपलब्ध गराएको बेन्च



शंखमुलस्थित दिवा शिशु स्याहार केन्द्रमा बालबालिका



खाजा खाँदै बालबालिकाहरू



संस्थालाई रकम हस्तान्तरण गर्दै समाजसेवी सपना खड्का

### बाल विकास समाजद्वारा बाढी पीडितलाई त्रिपाल वितरण

समग्र नेपाली बालबालिकाहरूको हक तथा संरक्षणका निम्ति लामो समयदेखि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको संस्था बाल विकास समाज समस्या परेको अवस्थामा बालबालिकाको साथमा हुने गर्दछ । विगतका दिनमा पनि प्राकृतिक विपत्तिको समयमा राज्य भन्दा अघि विपत्तिमा परेका जनताहरूको घरघरमा राहत लिएर बाल विकास समाज पुगेको थियो । सो समयमा बाल विकास समाजले सयौंको संख्यामा रहेका विपत्तिमा परेका घर परिवारलाई ट्रकमा चामल दाल, चिउरा नुन त्रिपाल लगायतका खाद्य सामग्री लिएर जनताका घर घर गइ महिला तथा बालबालिकाहरूको आखामा बगेको आशु पुछ्न सफल भएको थियो बाल विकास समाज । यसैगरी संस्थाले भरखरै तराइमा आएको बाढीले घरबार विहिन बनाएका परिवारलाई त्रिपाल वितरण गरेको हो । उक्त त्रिपाल वितरण कार्यक्रममा बाल विकास समाजका कोषाध्यक्ष तथा कार्यकारी सदस्यको सहभागिता रहेको थियो । उक्त त्रिपाल बाल विकास समाजका कार्य समिति सदस्य जयन्द्र रिमालको सिफारिसमा संस्थाले उपलब्ध गराएको थियो । सोही क्रममा कोषाध्यक्ष सुरेन्द्र ढकालले महिला तथा बालबालिकाहरूलाई समस्य परेको अवस्थामा बाल विकास समाज पिडितको घरमा राहत लिएर पुग्ने गरेको उदाहरणको चर्चा गर्दै त्यसै अनुरूप त्रिपाल उपलब्ध गराइएको कुरा बताउनु भएको थियो । कुरा भन्दा पनि हामी काम गरेर देखाउने संस्था भएको र हामीले गरेका काम महिला तथा बालबालिकाहरूका लागि लोकप्रिय हुने कुराको समेत उहाँले उल्लेख गर्नु भएको थियो । संस्थाले दिएको त्रिपालको सही सदुपयोग गर्दै आफ्ना बालबालिकाहरूको हेरचाहमा बढी ध्यान दिनका लागि उहाँले आग्रह गर्नु भएको थियो । त्यसैगरी सोही अवसरमा कार्य समिति सदस्य जयन्द्र रिमालले बाढीले तराइमा पुऱ्याएको क्षतिले आफूलाई मर्माहत बनाएको र त्यहाँका महिला तथा बालबालिकाहरूको बस्ने अवस्था दर्दनाक भएको हुँदा कम्तीमा त्रिपाल भयो भने बस्नका लागि केही राहत मिल्छ होला भन्ने लागेर संस्थामा कुरा गरेको बताउनु भएको थियो । उहाँले आगामी दिनहरूमा पनि यस किसिमका सहयोगहरू जुटाउन कोसीस गर्ने कुरा उल्लेख गर्दै यस्तो विपत्तिको समयमा विशेष गरी बालबालिका तथा महिलाहरूलाई बढी जोखिम हुने हुनाले सोही अनुसार ख्याल गर्नका लागि सबैलाई अनुरोध गर्नु भएको थियो । यस्तो विपत्तिको समयमा यस संस्थाले त्रिपाल उपलब्ध गराइ हामीलाई बस्नका लागि सहज बनाइ दिएकोमा पिडितहरूले खुशी व्यक्त गरेका थिए । राहत सामग्री धेरै वितरण भए तापनि नपाएको कुरा उनीहरूले बताएका थिए ।

### दिवा शिशु केन्द्रका आमाहरूका लागि पोषण शिक्षा र तालिम

"पोषिलो आहारलाई ओखति बनाऔँ" यहि उदाहरणलाई आदर्श बनाएर विगत कालदेखि बाल विकास समाजले स्वास्थ्य कार्यक्रममार्फत विभिन्न स्थानहरूमा पोषणको विषयमा शिक्षा र अभिमुखिकरणहरू प्रदान गर्दै आएको छ । यसै क्रममा भदौ ११ मा बाल विकास समाजद्धारा सञ्चालित दिवा शिशु स्याहार केन्द्रबाट सेवा प्राप्त गरि रहेका बाल बालिकाहरूका आमाहरूलाई पोषिलो आहार र आहार प्रयोगको बारेमा अभिमुखीकरण गरिएको हो ।

कार्यक्रममा उपस्थित रहेका २३ जना आमाहरूसँग यो विषयमा छलफल गरे पश्चात डाईटिसिएन एवं समाजसेविका श्री सुशिला शर्माद्धारा लाभ दायक र निम्न मूल्यमा प्राप्त गर्न सकिने पोषिलो खानेकुराहरूलाई मुख्य विषय वस्तु बनाएर कार्यक्रमलाई अगाडि बढाइएको थियो । दिवा शिशु केन्द्रमा रहेका बालबालिकाहरूमा तौलको र कुपोषणको सम्भावना देखिएपछि अनुसन्धान गर्ने क्रममा आमाहरूमा ज्ञानको कमिनै मुख्य कारण भएको फेला पारिएको हो । सबै पोषिला आहारहरू महँगो हुन्छ भन्ने सोचलाई पर्दाफास गर्दै सुशिला शर्माले घरेलु खानालाईनै नौलो र बालमैत्री बनाउन सकिने जानकारी दिनुभयो ।

त्यसैगरि बजारमा मैदाबाट बनेका र तत्कालै पाइने चाउचाउ र बिस्किट जस्ता जंक फुडका रूपमा चिनिने खानेकुराहरूले बच्चाको शारिरिक र मानसिक विकासमा कसरी हानि पुर्‍याउँछ भन्ने तितोसत्यको बारेमा पनि छलफल गरिएको थियो ।

पोषण भन्नाले कुनैपनि प्राणीले सेवन गरेको खानाबाट पाउने शारिरिक र मानसिक विकासको लागि अत्यावश्यक रूपमा चाहिने तत्वहरू हो । उदाहरण स्वरूप भिटामिन र मिनेरललाई लिन सकिन्छ । यस्ता तत्वहरू प्याकेटमा समावेश गरेका खानेकुरामा नभई घरेलु खानेकुरामा पाईने कुरालाई सुशिला शर्माले प्रष्ट पार्नु भएको थियो ।

कार्यक्रममा उपस्थित रहेका आमाहरूको सक्रिय सहभागी रहेको र नौलो अनुभूति लिन पाउँदा सबै सहभागीहरू सन्तुष्ट भएको कार्यक्रम आयोजक तथा स्वास्थ्य ईन्चार्ज राधिका श्रेष्ठले बताउनु भएको थियो । सामान्य शिक्षा र तालिमहरूको माध्यमबाट नै धेरै परिवर्तन र प्रभाव ल्याउन सकिने श्रेष्ठको विचार रहेको छ । आगामी दिनहरूमा आयोजना गरिने यस्तै किसिमका तालिमहरूमा अझै धेरै जनसहभागिता रहेमा कार्यक्रमको लक्ष्य अझै दृढ र लाभदायी हुने अभिमुखीकरणका सहजकर्ता सुशिला शर्मा तथा हेल्थ इन्चार्ज श्रेष्ठको भनाइ रहेको छ । यसैगरी बाल विकास समाजले मजदुरका बालबाकिाहरूलाई केन्द्रमा राखेर दिएको सेवाले धरै कुरामा लक्षित वर्गका परिवारलाई फाइदा हुने कुराको चर्चा गर्दै यस कार्यको प्रशंसा समेत गर्नु भएको थियो । बाल विकास समाजले विभिन्न सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई संस्थामा ल्याएर नि शुल्क रूपमा स्वास्थ्य जाँच तथा औषधी वितरण समेत गरिरहेको छ । सामुदायिक विद्यालयसँग समन्वय गरी हरेक कक्षामा अध्ययन गर्ने बालबालिकाहरूलाई केन्द्रमा ल्याएर बाल विशेषज्ञद्धारा निशुल्क रूपमा स्वास्थ्य परिक्षण गर्ने कार्य भइ रहेको छ । सबै बालबालिकाको पहुँच स्वास्थ्यमा पुगोस भन्ने उद्देश्य संस्थाले यो क्रियाकलाप गरिरहेको हो ।

### मजदुरका बालबालिकाहरूलाई दिवा खाजा

बाल विकास समाजले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरू कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई "बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रूपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका कार्य समितीका सदस्यहरू, बाल विकास समाजका कर्मचारीहरू, अन्य संघ संस्था तथा समाज सेवीहरूको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरूको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसै क्रममा भदौ १९ गते सोमबारका दिन बाल विकास समाजको भवनमा संचालन भईरहेको दिवा शिशु स्याहार केन्द्रका बालबालिकाहरूलाई समाजसेवी सपना खड्काज्युले आफ्नो जन्मदिनको अवसर पारेर खाना खुवाउने कार्य सम्पन्न गर्नु भएको थियो । उक्त दिन केन्द्रका ४० जना बालबालिकाले खिर तथा आलुको तरकारी खाएका थिए । बालबालिकालाई खाजा खुवाउन लाग्ने खर्च स्वरूप रू ५००० (पाँच हजार) उहाँले बाल विकास समाजलाई हस्तान्तरण गर्नु भएको थियो । यस अघि पनि वहाँले बालबालिकालाई खाजा खुवाउने कार्य निरन्तर रूपमा गर्दे आउनु भएको थियो ।

प्रस्तुति : गोविन्द वि क/राधिका श्रेष्ठ

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

## मधेसमै...

भने कतिपय ठाउँमा राजपाले उम्मेदवार समेत उठाउन सकेको छैन ।

राजपाले टिकट वितरणमा समेत आर्थिक अनुदानलाई मापो बताएको कार्यकर्ताहरुले नै गुनासो गरिरहेका छन् । राजपाको पकड क्षेत्र भनिएको प्रदेश २ मा एमाले र कांग्रेसले बाजी मार्ने सर्वेक्षणहरुले समेत देखाएका छन् । मधेस अलग राज्य खोज्दै भारतलाई नाकाबन्दी गर्न लगाउने राजपालाई मधेसी जनता सबक सिकाउन असोज २ कुरिरहेका छन् ।

अंगीकृत नागरिकतालाई देशको विशिष्ट संवैधानिक पदमा पु¥याउन चाहने र हिन्दी भाषालाई राष्ट्रभाषा बनाएर मातृभाषाको अस्तित्व मेटाउन खोज्ने राजपालाई कुनै पनि हालतमा जिताउन नहुने निष्कर्षमा मधेसी जनता पुगेका छन् । मधेस र मधेसी जनताको हकहितको कुरा गर्ने तर आफ्नै परिवार र नातागोताको पक्षपोषण गर्ने राजपाले सजाय पाउनैपर्छ भन्दैछन्- प्रदेश २ का जनता ।

## टिकट...

यातायात व्यवसायी अहिले बार्गेनिङ थालेका छन् । यातायात व्यवसायी महासंघका महासचिव सरोज सिटौला सरकारले दशैंमा यात्रुलाई सहजसँग घर जाने वातावरण नबनाएसम्म अग्रिम टिकट बुकिङ नखोल्ने बताउँछन् । व्यवसायीहरुले अग्रिम टिकट बुकिङ खोल्न बसमा छत राख्न पाउनु पर्ने सर्त राखेका छन् । छतमा सामान र यात्रु राख्ने र ओभरलोडका कारण दुर्घटना बढेपछि सरकारले केही महिनाअघि बसहरुमा छत नै राख्न नपाउने नियम ल्याएको थियो ।

व्यवसायीले सडकको अवस्था खराब भएकाले त्यसलाई मर्मत गरेर गाडी चल्न योग्य बनाउनुपर्ने माग गरेका छन् । मुग्लिन-नारायणगढ सडकको अवस्था दयनीय भए पनि सरकारले ममर्त नगरेसम्म टिकट बुकिङ नखोल्ने सिटौला बताउँछन् । यातायात व्यवसायीहरुले दशैंकै मौका छोपेर भाडावृद्धिको माग समेत अघि सारेका छन् । पुरानो भाडादर वैज्ञानिक नभएको बताउँदै उनीहरुले मूल्यवृद्धिका आधारमा भाडा समायोजन गर्न माग गरेका हुन् ।

## वैधानिक...

सेना फर्काएर भारतले मोदीलाई चीन जान सहज बाटो बनाएको विश्लेषण गरिएको छ । छिमेकी मुलुक चीन र भारतबीचको सीमा तनाव कायमै रहेका बेला नेपाल र भारतबीच संयुक्त सैन्य अभ्यास गरिनुले चीन अवश्य झस्किएको हुनुपर्छ ।

नेपालप्रति चीनको आशंका यस अर्थमा पनि कायमै छ कि नेपालले ओबरमाा हस्ताक्षर गरे पनि कार्यान्वयनका लागि सरकारले कुनै पहल गरेको छैन । दोक्लाम विवाद र ओबरका सन्दर्भमा भारतले नेपालमा चीनको प्रभाव विस्तारलाई जोडेर हेरेको छ । नेपालको बाध्यात्मक परिस्थितिलाई चीनले बुझेको पनि छ । भारत चीनको महत्वकांक्षी परियोजना वान बेल्ट वान रोड प्रति सकारात्मक छैन । नेपालले यसमा हस्ताक्षर गरे पनि यसको कार्यान्वयन हुन नदिनु भारत सक्रिय रहेको छ । प्रचण्ड सरकारले ओबरमा हस्ताक्षर गरे पनि यसलाई अघि बढाउन देउवा सरकारले तत्परता देखाएको छैन । यतिमात्र होइन विगतमा ओली सरकारले चीनसँग गरेका सन्धि सम्झौताहरु पनि अहिले अलपत्र अवस्थामा छन् ।

भारतीय जनता पार्टी निकटस्थ व्यक्तिहरुको समूह इन्डिया फाउन्डेसनको गोवा सम्मेलनमा गएर दलाई लामाका प्रधानमन्त्री लोप्साङ साँगेसँग देउवाले भेट गरेदेखि नै देउवाप्रति चीन सशंकित छ । चीनलाई थाहा छ देउवा सरकारको निर्माण भारतकै पहलमा भएको हो । एमालेलाई चीनपरस्त विश्लेषण गर्दै भारतले देउवा र प्रचण्डबीच हेन्डसेक गराएर ओली सरकार ढलाएको बारे चीन राम्रै जानिफकार छ । तिब्बत मामिला बल्झाएर चीनलाई फसाउने ग्रान्ड डिजाइन बनाएको छ इन्डो पश्चिमी गठबन्धनले । यसका लागि नेपाली भूमिको प्रयोग सहज हुने गठबन्धनको विश्लेषण छ । चीन आफूविरुद्ध नेपाली भूमि प्रयोग नहोस् भन्ने चाहन्छ । तिब्बत विषयमा चीन अत्यन्त संवेदनशील छ । भारतले दलाई लामालाई चीन विरोधी गतिविधि गर्न छुट दिएकोमा चीन रुष्ट छ । विश्व बौद्ध सम्मेलनमा दलाई लामालाई अतिथि बनाएर भारतले चीनलाई चिढ्याएकै छ । दोक्लाम एउटा संयोग मात्र हो चीन र भारतबीचको वाकयुद्धको । पृष्ठभूमि धेरै पहिलेदेखि नै तयार हुँदै आएको थियो । नेपालको सुरक्षा नीतिलाई आफ्नो नियन्त्रणमा लिने भारतीय मुरादप्रति चीन अत्यन्त सजग छ । नेपालको समृद्धि र विकासमा सघाउँदै आएको चीन नेपाल भुटानको अवस्थामा पुगेको हेर्न चाहँदैन । तर भारत भने आफ्ना 'यस मेन' हरुलाई नेपाली सत्तामा ल्याएर नेपालको वैदेशिक र सुरक्षा नीतिमाथि लगाम लगाउने धृष्टता गरिरहेको छ ।

भारतीय जनता पार्टीको आधार संगठन आरएस नेपाललाई धर्मनिरपेक्ष देश बनाइएकोमा घोर असन्तुष्ट छ । हिन्दू राष्ट्र हटाउँदा मोदी सरकारले नेपालमाथि कुनै दबाब दिन नसकेको गुनासो आरएसले गर्दै आएको छ । नेपालभित्र बढिरहेको धर्म परिवर्तनको लहर र क्रिश्चियनिटीप्रति पनि आरएसले चिन्ता जाहेर गर्दै आएको छ । भारतीय जनता पार्टीका कतिपय जिम्मेवार नेताहरुले नेपाललाई हिन्दू राष्ट्र बनाइनुपर्ने विचार समयसमयमा व्यक्त गर्दै आएका छन् । पूर्वराजा ज्ञानेन्द्र समेतले विदेशीको भरमा अस्थायी सत्ता हावी बनेको प्रतिक्रिया त्यसै दिएका छैनन् । भारत जसरी पनि नेपालको धर्मनिरपेक्ष संविधान असफल गराउने रणनीतिमा छ । सुरुमा मधेसी दलहरुलाई बोक्दै आएको भारतले अहिले उनीहरुलाई छाडेर कांग्रेस र माओवादीलाई काँधमा हालेको छ । मधेसी दलहरुबाट आफ्नो स्वार्थ पूरा नहुने टुंगोमा नयाँदिल्ली पुगेको छ । प्रदेश नं. २ को स्थानीय चुनावमै राजपा थचारिने पृष्ठभूमि देखिँदैछ । राजपाभित्रको गुटबन्दी असन्तोष र कलह सतहमा देखिएपछि यसले गरिनखाने निचोडमा भारत पुगेको छ । कांग्रेस र माओवादीबीचको चुनावी तालमेललाई प्रदेश र प्रतिनिधिसभा निर्वाचनसम्म बरकरार राख्न चाहिरहेको छ भारत । आफ्नै टाउकाको मूल्य तोक्ने, संकटकाल लगाएर आफ्ना कार्यकर्ताको कत्लेआम गर्ने देउवासँग प्रचण्डको सहकार्य अप्राकृतिक मात्र छैन, देशकै लागि खतरनाक छ । सत्ता स्वार्थका अघि विचार र सिद्धान्त गौण बनेका छन् प्रचण्डका लागि । १२ बुँदे सम्झौताको ब्याजका रुपमा नेपालको सम्पूर्ण जलस्रोतमाथि भारतले कब्जा जमाउँदै छ । नेपाली भूमिमाथिको अतिक्रमणलाई अझ तीव्र पार्दैछ । कालापानी छोडेको छैन । बरु लिपुलेक निलिरहेको छ । सम्पूर्ण दक्षिण क्षेत्रमा बाँध बाँधेर नेपाललाई बाँधैबाँधले घेरिसकेको छ । सरकार भने भारतीय ज्यादतीबारे मौनता साँधिरहेको छ । नेपालमा संवैधानिक संकट उत्पन्न गराएर हस्तक्षेपकारी भूमिका खेल्ने भारतीय मनसुवाले संघीयता समेत धरापमा पर्ने प्रबल सम्भावना छ ।

## राष्ट्रघातका...

गजुरेलले नेपालको अहिलेको राजनीतिमा प्रतिक्रान्तिकारी हावी भएको अवस्था रहेको र यिनीहरु क्रान्तिकारी शक्ति मजबुत नभएसम्म हावी रहने बताउँदै कुनै समय सिक्किमको राजनीतिमा पनि लेण्डुप दोर्जे हावी भएको र अहिले नेपाली लेण्डुपहरु राजनीतिमा हावी भएको बताए । प्रतिक्रान्तिकारीहरुको गठबन्धन भत्काउन राष्ट्रवादी शक्तिहरु, क्रान्तिकारी शक्तिहरु एक हुन जरुरी भएकाले कार्यगत एकताको सुरुवात भएको र यसलाई निरन्तरता दिनेमा गजुरेलले जोड दिए । नेपालका जुनसुकै प्रधानमन्त्रीले पनि भारत भ्रमणमा जाँदा राष्ट्रघात गर्ने गरेको भन्दै उनले देउवाले पनि गम्भीर राष्ट्रघात गरेको बताए ।

सडक अन्तर्क्रियामा विज्ञको रुपमा निम्त्याइएका सीमाविद् बुद्धिनारायण श्रेष्ठले बाँध र सीमाबारे अवधारणा प्रस्तुत गरेका थिए । श्रेष्ठले भारतले विभिन्न खाले ब्यारेज, ड्याम, जोर्ती बाँध, तटबन्धलगायत सीमा क्षेत्रमा निर्माण गरेर नेपाली भूमि डुबानमा पारेको बताए । भारतले धौलीगंगा, टनकपुर, शारदा, लक्ष्मणपुर, महलीसागर, गण्डक, कोसी जस्ता ब्यारेज निर्माण गरेको छ भने कोइलाबास, दण्डाफरेना, लालबकैया, तटबन्ध निर्माण गरेको छ । त्यसैगरी जोर्ती बाँधको रुपमा रसियाला खुर्दलोटन जस्ता बाँध रहेका छन् ।

वर्षाको प्राकृतिक बहावको पानी रोकेर नेपाली भूमि डुबानमा पारी सुख्खा याममा खटाइ खटाई पानी लिएर आफ्नो भूमि सिंचित गर्ने भारतीय उद्देश्य रहेको छ । सप्तरीको खाँडो नदी रोकेर बर्सेनि सप्तरी डुबानमा पारेको र डुबानका कारण सयौं नेपाली मर्ने, घरबारविहीन हुने गरेको श्रेष्ठले बताए । हेल्सिन्की सन्धि, इन्टरनेसनल वाउन्ड्री ट्रिट्रीलगायतले अन्य मुलुकलाई आघात पार्ने गरी सीमा क्षेत्रमा यस्ता कुनै पनि निर्माण कार्य गर्न रोक लगाएकाले नेपालसँग अन्तर्राष्ट्रिय स्तरमा कुरा उठाउन सक्ने अधिकार रहेको श्रेष्ठको भनाइ थियो ।

सीमाविद श्रेष्ठले भारतसँग सीमा जोडिएका २६ मध्ये २३ जिल्लामा सीमा मिचिएको र सबैभन्दा बढी दार्चुला ब्यास १ मा र सबैभन्दा कम इलामको फाटकमा आधा रोपनी मिचिएको बताए । जम्मा ६०६ वर्गकिलोमिटर क्षेत्रफल अतिक्रमणमा परेको तथ्यांक श्रेष्ठले प्रस्तुत गरे ।

परराष्ट्र मामिलाका जानकार मानिएका हिरण्यलाल श्रेष्ठले जनसंख्याको अतिक्रमणले नेपालको सुरक्षा पक्ष कमजोर रहेको भन्दै सबै नेपालीलाई एक वर्ष सैनिक तालिम दिनुपर्ने बताए । भारतीय गृहमन्त्रीले नै १ करोड भारतीय नेपालमा छन् भन्ने दाबी गरेको विषय गम्भीर रहेको भन्दै श्रेष्ठले नेपालमा नेपाली नै अल्पसंख्यकमा पर्ने खतरा औंल्याए । अंगीकृतले आजको भोलि नै नागरिकता पाउने र अंगीकृत बढी भएको ठाउँमा जनसंख्याको आधारमा ९० प्रतिशत संसदको सिट संख्या दिनाले कुनै दिन सिक्किमीकरणको खतरा पैदा हुन सक्ने श्रेष्ठको ठहर थियो । उनले निजामती कर्मचारी, सेना, पुलिस सबैलाई देशभक्त बनाउनुपर्ने सुझाव दिए । कर्मचारीलाई भारत, चीन, अमेरिका कसैको दलाल बन्न जरुरी नभएको उनले बताए ।


जलस्रोतविद दीपक ज्ञवालीले महाकाली सन्धिले पु¥याएको राष्ट्रघातबारे चर्चा गर्दै राष्ट्रघातको श्रृंखलाले निरन्तरता पाएको बताए । अर्का जलस्रोतविद गोपाल शिवाकोटी चिन्तनले कोसी उच्च बाँधले निम्त्याउन सक्ने खतराको चर्चा गर्दै यो बाँध कुनै पनि हालतमा नेपालको हितमा नरहेको बताए । उनले भारतसँग सबै प्रधानमन्त्रीले स्वाभिमान झुकाएर राष्ट्रघाती सन्धि, सम्झौता गरेको बताए । उनले नेपालमा यति धेरै कम्युनिस्ट पार्टीको आवश्यकता नरहेको भन्दै कम्युनिस्टहरुलाई एक हुन सुझाव दिए ।

नेकपा मालेका पोलिटब्युरो सदस्य तथा प्रवक्ता कुमार वेल्वासेले अरु देशका प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा जनता खुसी हुन्छन्, फर्कंदा स्वागत गर्छन् तर त्यस विपरीत हाम्रा प्रधानमन्त्री भारत भ्रमणमा जाँदा अब के दिएर आउने हुन् भन्ने चिन्ता जनतामा बढ्ने गरेको बताए । उनले राष्ट्रियताको मुद्दा प्रधान रुपमा आएको बेला कम्युनिस्ट राष्ट्रवादी शक्तिहरु एक हुन जरुरी रहेको भन्दै यो गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताए । बेल्वासेले मुलुकलाई जोखिममा पार्ने ठूला योजनाभन्दा साना र मझौला योजनाहरुमा ध्यान जानुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेकपाका नेता धर्मेन्द्र बाँस्तोला, जनमोर्चा अध्यक्ष साध्यबहादुर भण्डारी, नेकपा नेता लोकनारायण सुवेदी तथा कम्युनिस्ट नेताहरु रामसिंह श्रीस, हेमलाल पुरी, रामप्रकाश पुरेतलगायतले देउवाले गरेको राष्ट्रघातको विरोध गरे ।

तेस्रो धार — केशवराज पौडेल

# नेपालको आफ्नै भू-राजनीतिक यथार्थता छ



राजनीति नकारात्मक रूपमा हाबी हुँदा नै हाम्रो राष्ट्रमा आज बेथिती भएको हो । आन्दोलन र क्रान्ति सफलतापूर्वक संचालन हुने तर उपलब्धि संस्थागत हुन नसक्ने र राजनीति उल्टो प्रवाहमा बग्ने क्यान्सररूपी रोग नेपाली राजनीतिमा छ । तर, अहिले संविधानसभाबाट नयाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बनेपछि कालो बादलमा चाँदीको घेरा देखा परेको छ ।

राष्ट्रिय राजनीतिको फरक राजनीतिक गन्तव्य हुनु पनि अस्थिरताका लागि महत्वपूर्ण कारण हो । राजनीतिक गन्तव्य नै फरक भएको स्पष्ट दृष्य २०१७ र २०६१ सालमा देखियो । आज फेरि प्रजातन्त्रवादी र बामपन्थीहरूको सामूहिक संगमको रूपमा नयाँ संविधान बनेको छ । संविधानको स्थायीत्व गर्न यी दुई निणयिक शक्ति बिच भने दह्रो र स्थायी एकता, इतिहासको ज्वलन्त आवश्यकता बन्न पुगेको छ । यससँगै अर्को महत्वपूर्ण कुरा के हो भने, राष्ट्रभक्ति र लोकतन्त्रभक्तिको सङ्घर्ष नै नेपाली राजनीतिको मौलिकता हो । अब यसमा विवाद आउनुहुँदैन ।

अतिवादको अन्त्यबाट नै लोकतन्त्रको उदय भएको हो । नेपालको राजनीतिमा २००७ सालको क्रान्तिले निरङकुशता माथी दह्रो हस्तक्षेप गरेको थियो । २०४६ सालको जनआन्दोलनले निरङकुश पञ्चायती व्यवस्थालाई समाप्त पा¥यो । २०६२/०६३ को जनआन्दोलन र सशस्त्र सङघर्षको संयोजनबाट राजतन्त्रलाई नै समाप्त गरेर स्थायी रूपमा लोकतान्त्रिक बाटोतिर राष्ट्रलाई डो¥याउने सत्प्रयास भएको छ । इतिहासमा पहिलो पटक फराकिलो तवरले राज्यको शक्ति र स्रोत जनताको हातमा पुग्दैछ । नेपाली राजनीति विशेष गरेर २००७ साल पछि एन्टिइन्डियन खेमामा विभाजित छ । यसलाई जिम्मेवार र निर्णायक राष्ट्रबादका रूपमा रूपान्तरण गरेर नेपालको आत्मालाई अगाडि बढाउन जरूरी छ । यसको लागि नेपाली राजनीतिको दक्षिणपन्थी र बामपन्थी दुवै पक्षले राष्ट्रियताबारे बलिदान गरेर साझा दृष्टिकोणमा आउनुपर्दछ, यो इतिहासको माग हो । अनिमात्र हाम्रो राष्ट्रभक्तिले राष्ट्रिय-अन्तराष्ट्रिय रूपमा सशक्त यात्रा गर्न सक्छ ।

२००७ साल देखि नै जनताको छोरो राष्ट्रप्रमुख, कार्यकारी प्रमुख, सेनाप्रमुख, राष्ट्रको नेता हुने कि अरू कुनै मनोनित व्यक्ति हुने भन्ने लडाई नै नेपाली राजनीतिको भित्री रहस्य भएको कुरालाई वी.पी. कोइरालाले पनि स्विकार गर्नु भएको छ । पहिला त राष्ट्रको शासन, प्रशासन, सामरिक शक्ति सबै नेपाली जनताको हातमा आएर, तिनको संस्थागत विकास हुनुप¥यो । संसारका सवै देशले स्थायीत्व पछि नै विकासमा फड्को मारेका हुन् । राजनीति संस्थागत नभएर भागबन्डामा रहेको राज्यलाई पद्धति, इमान्दारी, उत्कृष्टता र पारदर्शिताको शासन व्यवस्थामा रूपान्तरण गर्नु नै आजको मुख्य राजनैतिक चुनौती हो । हरेक संघमा यो स्पिरिटअनुसार राजनीति अगाडि बढेमात्र नयाँ लोकतान्त्रिक संस्कृति निर्माण हुन सक्दछ ।

हिजो सँगसँगै क्रान्तिमा होमिएका भारत, दक्षिण कोरिया अनि अस्ति भर्खर संवैधानिक स्थायित्व भएको दक्षिण अफ्रिका आदि देशहरू विकासको बाटोमा कति अगाडि बढे, हामी भने संविधान बनाउने, भत्काउने राजनैतिक अस्थिरताको खेलमा कति अल्मलिरहने, अब हाम्रो राजनीति निश्चय पनि सहि बाटोमा अघि बढ्नुपर्दछ ।

नेपालका जनजाति, थारू, मुस्लिम र मधेशीहरूमा राष्ट्रियता र लोकतन्त्रको जिल (उत्साह) अरूको भन्दा कमी देखिँदैन । सिमानाको रक्षा गरिरहेका उनिहरूलाई, इतिहासले नेपाली राज्यको ऐतिहासिक मर्मलाई दह्रोसँग पक्रेर भावनात्मक एकिकरणको नेतृत्व गरि वास्तविक समानुपातीक, समावेशी, मध्यममार्गी, सबै जनताको पब्लिक राज्यको रूपमा रहेको नयाँ नेपाल भावी पुस्तालाई बुझाउने महान अबसर प्रदान गरिरहेको छ । आज प्रतिक्रियात्मक भएको जनजाति थारू मधेशी आन्दोलनलाई कुनै पनि अतिवादतिर ढल्कन नदिई प्रोएक्टिम नेतृत्व दिन एउटा उज्वल सम्भावना बोकेर सशक्त रूपमा जनजाती, मधेशी नेताहरू राष्ट्रप्रति सम्पूर्ण रूपमा जिम्मेवार भएर सबैले देख्नेगरि इतिहासको चौबाटोमा उभिएका छन् ।

नेपालको आफ्नै भू-राजनीतिक यथार्थता छ, राष्ट्रभक्ति र लोकतन्त्रभक्तिको आफ्नै मौलिक इतिहास छ, त्यसको सार्वभौम अस्तित्वलाई संसारको अस्तित्व रहेसम्म कसैले खोस्न सक्ने छैन । आज मात्र चाहिएको छ, नेपालको मौलिक आत्माको आत्मबोध र नेपाली राजनीतिलाई संस्थागत गरेर राष्ट्रिय र अन्तर्राष्ट्रिय रंगमञ्चमा नेपाली सच्चा आत्माको निर्णायक गौरवशाली यात्रा । नयाँ युगको महान् आवश्यकता पूरा गर्न सम्पूर्ण नेपाली मात्रमा नयाँ नेतृत्व चाहिएको छ । इतिहासको आवश्यकता यहि हो ।

हाम्रो अग्रज गौरवशाली पुर्खाहरूको आत्माले आफ्नै पुरानो इतिहास भित्र कैद भई यसको ब्याजमा रमाउने शासकहरूभन्दा स्थायीत्व र समृद्धिको नयाँ इतिहास रच्ने जुझारू र पौरखी छोराहरूलाई पछ्याउन चाहन्छन्, उनिहरू भूतलाई वर्तमानले र अझ सुन्दर भविष्यले कमाण्ड गरेको देख्न चाहन्छन् । लोकतान्त्रिक भारत नेपालमा अतिवादको संरक्षक बन्न सक्दैन । पूर्वीया र पश्चिमी लोकतन्त्रको फरक परिभाषा हुन सक्दैन, संसारभर लोकतन्त्र र स्वतन्त्रताको परिभाषा एउटै हो । नेपाली जनताको राष्ट्रभक्ति र लोकतन्त्र भक्तिको चुरो अत्यन्त बलियो छ, अब नेपालको लोकतन्त्रले, कुनै पनि दक्षिणपन्थी, बामपन्थी र बिखण्डनबादी अतिबादसँग मितेरी गाँसी राजनैतिक अस्थिरतासँग सम्झौता गर्न सक्दैन ।

## पत्रकार...

लिएर काठमाडौंमा पनि प्रदर्शन भएको छ । नेपालका पत्रकार, लेखक, साहित्यकारहरुले बुधबार दिउँसो माइतीघर मण्डलामा साढे तीन बजेदेखि एक घन्टा प्रदर्शन गरिएको छ । विरोध प्रदर्शनका क्रममा लेखक सीके लालले लंकेशको हत्या निन्दनीय भएको बताए । सिमान्तकृतको पक्षमा बोल्ने, लेख्ने पत्रकारको हत्या हुनु दुःखको कुरा हो । लेखक खगेन्द्र संग्रौलाले कलमजीवीमाथिको निर्मम हत्या अपराधीकरणको पराकाष्ठ भएको बताए । एक सयभन्दा बढी लेखक, पत्रकार प्रदर्शनमा सहभागी थिए ।

## पराजुली...

ढकाल तृतीय भएका छन् । गत भाद्र १७ गते शनिबार सम्पन्न उक्त प्रतियोगिताको उद्घाटन रोटरी डिस्ट्रिक्ट नेपालका गभर्नर सञ्जय गिरीले गर्नुभएको थियो । ५० वर्ष र ६० वर्षमाथिका भेट्रानतर्फका राष्ट्रिय खेलाडीहरुको ठूलो उपस्थिति रोटरी क्लव डिल्लीबजारमा भएको कारण क्लवको आन्तरिक प्रतियोगिताले पनि राष्ट्रिय महत्व राख्ने भएको हुँदा यस प्रतियोगिता विगत ८ वर्षदेखि खेलाडीहरुबीच ठूलो चासोको विषय बन्दै आएको छ । प्रतियोगितामा महिला र पुरुष एकल गरी दुई इभेन्ट मात्रै आयोजना भएको र त्यसमा रोटरीक्लव डिल्लीबजारका १४ जना खेलाडीहरुले भाग लिएका थिए ।

## उपभोक्ता...

गरेको पाइन्छ । दूधमा पानी र शुद्ध जिउमा डाल्डा मिसाउने त सामान्य भइसक्यो । महजस्तो अमृततूल्य पदार्थमा समेत फिटकिरी पगालेर नक्कली मह बनाउने गरेका उदाहरण भेटिन्छन् । दशैंमा अत्यधिक उपभोग गरिने मासुमा समेत मिसावट हुने गरेको छ । खसीको मासुमा बाखाको मिसाउने, बाटोमा निसासिएर परेका खसी, बोकाको मासुसमेत बेच्ने गरिन्छ भने मासुमा पानी हाल्ने चलनसमेत अत्यधिक बढेको छ । कुखुराको मासुमा पानी हालेर तौल बढाउने परम्पराले निरन्तरता पाइनै रहेको छ । माछामा अखाद्य रसायन जस्ता कुराले विषाक्त बनाएको छ । तरकारीमा प्रयोग हुने अत्यधिक विषादीको मात्राले क्यान्सर जस्ता प्राणघातक रोगलाई निम्त्याइरहेको छ ।

सरकारी अनुगमन टोलीले हेर्नुपर्ने ठाउँ धेरै छन् । चाडबाडमा खाइने मिठाइहरु बासी र सडेका हुने गरेको चर्चा पहिला पनि चलेको र अहिले पनि यसमा सुधार छैन । मिसावटका साथै तौलमा समेत उपभोक्ता ठग्ने गरिन्छ । मिसावट महँगो, मूल्य र तौलमा समेत कमी भएपछि उपभोक्ताले कतै पनि चित्त बुझाउने ठाउँ पाउँदैनन् । उपभोक्ताको हित संरक्षण गर्न सक्ने निकाय भनेकै सरकारी निकाय मात्र हो, त्यसैले यस्ता निकायले अनुगमनलाई नियमित र विश्वासिलो बनाउन आवश्यक छ । त्यसैगरी उपभोक्ताले समेत सामान किन्नु अगाडि मूल्य र गुणस्तरमा पर्याप्त ध्यान दिनुपर्छ । जनता ठग्ने व्यवसायीलाई कडा कारबाही हुनुपर्छ र राम्रो व्यवसाय गर्ने व्यापारीहरुलाई प्रोत्साहन दिने काम सरकारले गर्नुपर्छ ।

## १७ अर्ब बाहिरियो

काठमाडौं । वायुयान र त्यसका पाटपुर्जा खरिदमा नेपालबाट झन्डै १० अर्ब रुपैयाँ बाहिरिएको छ । नेपाल राष्ट बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष २०७३।७४ मा जहाज र त्यसको पाटपुर्जा आयातमा मात्र १७ अर्ब २७ करोड ७३ लाख रुपैयाँ बाहिरिएको हो ।

# ग्रेटर नेपाल साप्ताहिकको सूचना

आफूलाई स्वघोषित ग्रेटर नेपालको अभियन्ता भन्ने केही व्यक्तिहरूले यस ग्रेटर नेपाल साप्ताहिक आफूले चलाएको भन्दै हिँड्ने गरेको जानकारीमा आएकोले यस पत्रिका विगत ६ वर्षदेखि सुरेन्द्र ढकाल प्रतिष्ठानको एकल लगानीमा प्रकाशित हुँदै आइरहेको जानकारी गराउँछौं । यसबाट कसैलाई पनि भ्रम नपरोस् भनी यो सूचना प्रकाशित गरिएको छ ।